# परिच्छेद एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

विकास भन्ने शब्द हाम्रा लागि अनौठो र परिभाषित गर्न गाह्रो शब्द भने पक्कै पनि होइन । हाम्रो समाजमा हाम्रो अभ्यासको साझा परिभाषा अनुसार विकास भनेको उन्नति हो र उन्नतिले  सकरात्मक परिवर्तनको प्रतिनिधित्व गरिरहेको हुन्छ । परिवर्तनलाई जिवित प्राणी तथा वनस्पति जीवनको महत्वपूर्ण विशेषता नै मानिन्छ । मानव विकास सम्बन्धी वैज्ञानिक अध्ययनको शुरुवात उन्नाइसौं शताब्दिको मध्यतिरबाट भएको पाइन्छ । त्यसभन्दा अघि मानव विकासको व्याख्या विश्लेषण दार्शनकि विचारमा आधारित थिए । मानव विकासको क्षेत्रमा वैज्ञानिक अनुसन्धानसँग सम्बन्धित विचारको थालनी प्रसिद्ध दार्शनिक जे.जे. रुसोले (१७१२-१७७८) बाट भएको पाइन्छ ।

मानिस सामाजिक प्राणि भएकोले ऊ समाजमा बसेर सामाजिक विकासको साथै प्रतिष्ठित बन्न चाहान्छ । मास्लोको आवश्यकता श्रृङ्खलाको सिद्धान्त अनुसार मानिसका विभिन्न प्रकारका आवश्यकताहरुको परिपूर्ति भएपछि उसलाई समाजको आवश्यकता पर्दछ । समाजमा सबैसँग माया, स्नेह, प्रेम, जनसम्पर्क हुँदै ऊ समाजको सामाजिक कार्यहरुमा संलग्न हुन खोज्छ । कुनै पनि समाजमा रहेर नेतृत्वदायी भूमिका निभाउन खोज्दा उत्प्रेरणाको माध्यमबाट मानिसलाई सामाजिक कार्यमा काम गर्ने भावनामा विकास गराउन सकिन्छ ।

मानिस जन्मेदेखि १८।१९ वर्षको उमेरलाई किशोर अवस्था भनिन्छ । यसले बाल अधिकार सम्बन्धी महासन्धी (१९८९) ले बालबालिका भनी परिभाषित गरिसकेको छ । सन् १९८९ नोभेम्बर २० मा संयुक्त राष्ट्र संघमा बाल अधिकार महासन्धी प्राप्त भइसकेपछि सन् १९९० सेप्टेम्बर १४ मा नेपाल सरकारले उक्त महासन्धीलाई अनुमोदन गरी महासन्धीमा उल्लेखित कुराहरु कार्यान्वयन गर्ने प्रतिबद्धता समेत जाहेर गरिसकेको छ । उक्त महासन्धी पारित भएको पनि दुई दशक भन्दा बढी नाघीसकेको छ । बालबालिकाहरुको बाँच्न पाउने अधिकार, संरक्षण

पाउने, विकास र बाल सहभागिता गरी मुख्य ४ समूहमा बाल अधिकार महासन्धीले उल्लेख गरेको छ । यी चारै कुरा बालबालिकाको जीवन तथा सर्बोत्तम हितसँग प्रत्यक्ष मात्रामा जोडिएको छ । महासन्धीले जन्मेदेखि १८ बर्ष उमेरका सबै मानवलाई बालबालिका भनेको छ । बाल अधिकार भित्रको एउटा मुख्य अंग बाल सहभागिता पनि हो । कुनै पनि क्रियाकलापमा शारीरिक रुपमा संलग्न हुनुमात्र  सहभागिता नभनी बालबालिकाहरुमा मनमा उठेका विचार र भावनाको कदर गरी त्यसको सुनुवाई हुनु बाल सहभागिता हो । बालबालिकाको जीवन मा प्रभाव पार्ने जुनसुकै कुराको निर्णय प्रक्रियामा उनीहरुले आफ्नो विचार, भाषा, अभिव्यक्ति स्पष्टसँग राख्न पाउनु जस्तै घरमा अभिभावकहरुले छलफल, विद्यालयका शिक्षक शिक्षिकाले पढाउँदा वा कुनै गतिविधिहरु सञ्चालन गर्दा राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरमा उनीहरुको सवालमा बालबालिकाको आफ्नो विचार र वा निर्णय राख्ने सो सम्बन्धी कुनै पनि कुराको सूचना तथा शिक्षा, सञ्चार गर्न पाउनु, राख्न पाउनु आदि कुरा बाल अधिकार महासन्धी पारित भए लगत्तै स्थानीय स्तरदेखि राष्ट्रिय स्तरसम्म बालबालिका, बालक्लव, बाल अधिकारमञ्च, बाल समूह गठन गरी संगठित हुन थालेका हुन् । बालबालिकाहरुलाई कमजोर र केही गर्न नसक्ने मानवको दर्जामा राखेर अझै निरन्तर कमजोर बनाइराख्ने प्रवृत्ति सबै वयस्कहरुले त्याग्न सक्नु पर्दछ । आजका बालबालिका भोलिका देशका यूवा, वयस्क र वृद्ध पनि हुन् ।

सामाजिक विकास भनेको मानवीय आवश्यकतालाई प्राथमिकता दिई समाजको उन्नति र प्रगति गर्नु हो । सामाजिक विकासले सामाजिक मूल्य र मान्यतालाई मानिसहरुको बिचमा अन्तरक्रियात्मक रुपमा सञ्चालन गरी जनचेतना फैलाउँछ । यसले समाजमा बस्ने मानिस, राष्ट्र विशेष गरी गरिब र जसले समाजलाई प्रत्येकको लागि राम्रो बनाउने कोशिस गर्दछ त्यसमा केन्द्रित हुन्छ । सामाजिक विकासले समाजमा रहेको सामाजिक संघसंस्थाहरुलाई राम्रो प्रभाव पार्दछ । समाजमा सबैले भन्ने गरेको सामाजिक विकास त्यस समाजमा समावेशी प्रकृतिको समाजको सृजना गुर्नु हो । सामाजिक मेलमिलापले त्यहाँको शान्ति र सुरक्षालाई स्थानीय समुदायमा  सुनिश्चित गराउँछ । सामाजिक विकासको भूमिका प्रत्यक्ष रुपमा ५ वटा मापदण्ड निर्भर गर्दछ । ति हुन् : नागरिकहरुको क्रियाकलाप, क्लव र संघसंस्थाहरुको आन्तरिक क्रियाकलाप, अन्तरवैयक्तिक सुरक्षा र लैंगिक समानता ।

विद्यालयमा नियमित रुपमा अध्ययन गर्ने कक्षा १ देखि कक्षा १०+२ सम्मका विद्यार्थीको समूह जसले विद्यार्थीको हक, हित र विद्यालयका विविध पक्षको प्रगतिमा काम गर्दछ । त्यसलाई बालक्लव भनिन्छ । बालक्लवलाई संरक्षक, सरसल्लाह दिनका लागि १ जना शिक्षकलाई तोकिएको हुन्छ । नियमित संख्यामा विद्यार्थीहरुबाट कक्षागत रुपमा सदस्यहरु पठाई बालक्लवको गठन गरिन्छ । बालक्लव निश्चित उद्देश्यहरु पूरा गर्ने उद्देश्यका साथ गठन भएको हुन्छ । जसका उद्देश्यहरु निम्नानुसार रहेका छन् :

बाल विकासको लागि विद्यालयमा विभिन्न बौद्धिक क्रियाकलापहरु सञ्चालन गर्ने । विद्यालयमा विभिन्न खेलकूद गतिविधि सञ्चालन गर्ने । बाल अधिकार र बालश्रम विरुद्ध विभिन्न गतिविधि सञ्चालन गर्ने । विद्यालयमा सरसफाइ, फूलवारी, बालउद्यान आदि निर्माण र संरक्षणमा सहभागी बन्ने । विद्यार्थीहरुमा भएको अन्तर्निहित प्रतिभाको खोजी गर्ने । सिकाइ प्रक्रियामा भाग लिई त्यसलाई सुधार गर्नु । बालबीलकामा जीवनोपयोगी सीपको विकास गराउनु । बालबालिकामा सृजनशील्प तथा नयाँ सीपको विकासको स्थान बनाउनु । बालबीलकाहरुमा कक्षाकोठामा सिकेका कुरालाई बास्तविक जीवनमा स्थानान्तरण गर्ने साधन बनाउनु । सामुदायिक सचेतना सम्बन्धी विभिन्न क्रियाकलापहरु जस्तै : स्वास्थ्य सेवा सरसफाइ वातावरण संरक्षणको सञ्चालन गर्नु । समाजमा पछि परेको समावेशी विद्यार्थीहरुलाई शिक्षाको मद्दतबाट सामाजिक विकासको मूलधारमा ल्याउने प्रयत्न गर्नु ।

नेपालमा जागृत बालक्लव नवलपरासी नामले बालसमूह खोल्ने शुरुवात भएको भएतापनि सिविनले बालअधिकार मञ्च चेतना समूहहरु स्थापना गर्न महत्वपूर्ण भूमिका निर्वाह गरेको थियो । त्यसलाई अन्य गैर सरकारी संस्थाहरुले निरन्तरता दिए । विस्तारै केन्द्रमा केन्द्रीय बालकल्याण समिति र जिल्लामा जिल्ला कल्याण समितिको स्थापना गर्ने सरकारी निर्णयसँगै जिल्लामा बालक्लव खोल्ने र सक्रिय हुने होडबाजी नै चल्यो । १० वर्षे जनयुद्धको कारणले बालसमूहका आफ्ना गतिविधिहरु नियमित गर्न नसकेर २०६२।०६३

को जनआन्दोलन पश्चात बालक्लवहरुको सक्रियता बढेको छ । हाल नेपाल भरी २०,००० को संख्यामा बालक्लवहरु रहेको बालबालिकाहरुसँग काम गर्ने संस्थाको दावी रहेको छ । बालक्लव खोल्ने भेला हुने अधिकार, बाल अधिकार महासन्धीले प्रदान गरे पनि राज्यले बाल समूह, बालक्लवहरुलाई कानुनी मान्यता नदिए पछि २०५५ साल माघ ४ गते नवलपरासी जागृती बालक्लव नेपालले सम्मानित सर्वोच्च अदालतमा विना नागरिकता बालसंस्था दर्ताको माग गर्दै सरकार विरुद्ध मुद्धा दायर भई २०५८ श्रावाण २५ गतेमा बाल संस्था दर्ताको पक्षमा अदालतले फैसला गरे पछि २०६४ भाद्रसम्म कार्यान्वयन हुन सकेन । ती बिचको समयमा बालक्लवहरुलाई जिल्ला बाल कल्याण समितिमा सूचीकृत गरिने कार्य पनि भयो । तर २०६४ साल भाद्र २३ गते सर्वोच्चको फैसला अनुसार नवलपरासीमा जागृत बालक्लव नेपाललाई जिल्ला प्रशासन कार्यालयमा दर्ता गरेपछि कानुनी ढोका खुलेको छ ।

नवलपरासी जिल्ला प्रगतिनगर गा.वि.स बालक्लव जन्माउने नेपालको पहिलो नमुना गा.वि.स. जुन २०७० सालमा घोष्णा भएको थियो । विद्यालय तहमा बालक्लवको गठन केही वर्ष अघिदेखि भएको भएतापनि विद्यालय स्तरमा मात्र कार्य गरिरहेका थिए । बालक्लवले घर, समाजमा विभिन्न चेतनामूलक कार्यक्रमहरु गर्ने बालविवाह, बाल यौनशोषण, बाल बेचविखन, धुम्रपान, मध्यपान विरोधी अभियान, विभिन्न लैंगिक तथा शारीरिक विकास सम्बन्धी गतिविधिहरु विद्यालय नगएका  साथीहरुलाई विद्यालयमा ल्याउने गाउँसरसफाई, जन्मदर्ता अभियान, विद्यालयलाई शान्ति क्षेत्र बनाउन पहल जस्ता कार्यक्रमहरु सञ्चालन गरी  बालबालिकालाई समाजमा भएका बाल अधिकार उल्लंघन घटना, गतिविधि, विकृति, विसंगतिलाई कम गर्ने, वयस्कहरुसँग सहकार्य गर्नुका साथै आफ्ना समस्याको पहिचान र समाधान खोज्न आत्मविश्वासी एवम् शिक्षित व्यक्ति समेत बन्न बालक्लवले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ, (पौडेल, २०१४) ।

विद्यार्थीको प्रत्यक्ष सहभागिता, उनीहरुको सभा मञ्चको रुपमा बालक्लव गठन गर्ने विद्यालयको सहयोगी संस्थाको रुपमा कार्य गर्ने क्लवको नियमित बैठक आयोजना गरी कर्यासमितिको निर्णय र विद्यालय प्रशासनको सुझाव अनुसार विभिन्न रचनात्मक गतिविधिको सञ्चालन गर्ने । यसबाट विद्यार्थीमा नेतृत्व सीप, समाजसेवाको भावना, समूहमा मिलेर काम गर्ने, उद्घोषण मन्तव्य व्यक्त गर्ने, पत्राचार गर्ने, पत्र दर्ता र चलानी गर्ने, माइनट लेख्ने, सभासमारोह सञ्चालन गर्ने, सामाजिक क्षेत्रमा कार्य गर्ने लगायतका क्षमताको विकास गर्ने । विद्यालयभित्र साथै विद्यालय बाहिर विभिन्न कार्यहरु गर्दै समाजमा चेतनाको माध्यमबाट बालक्लवहरु सक्रिय हुँदै बालबालिकाहरुर्ला सामाजिक कार्यमा सहभागी गराउँदै सामाजिक विकासमा जोड दिइएको छ ।

## १.२ समस्याको कथन

शिक्षा देश विकासको मेरुदण्ड र राष्ट्र उन्नतीको मूल आधार हो । शिक्षाको समुचित विकासको लागि शिक्षा सर्वसुलभ, पहुँचमा समानता, गुणस्तरीय जीवनोपयोगी हुनु आवश्यक छ । शिक्षा पाउनु व्यक्तिको नैसर्गिक अधिकार हो । आजको बालक भोलिको कर्णधार भई देश विकासको हरेक क्षेत्रमा लम्कन प्रयासगर्ने एक व्यक्ति हो । बालबालिकाहरुमा शिक्षाको माध्यमले समाजमा सामाजिक भावनाको सोचले अभिप्रेरित हुँदै विभिन्न सामाजिक संघसंस्था लगायत बालबीलकाहरुको हक अधिकार संरक्षण गर्ने तथा समाजका हरेक क्षेत्रमा विकास गर्न सहयोग गर्ने उद्देश्यले बालक्लवहरु खुल्दै आएका छन् । बाल अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय उल्लेखित कुराहरु कार्यान्वयन गर्न प्रतिबद्धता समेत जाहेर गरिसकेको छ ।

बालबालिकाहरुले समाजमा गर्ने सामाजिक कार्यहरु, विद्यालय भित्र र विद्यालय बाहिर गर्ने संस्या बालक्लव हो । जसले बालबीलकाहरुको लागि विद्यालय बाहिर विद्यालय भित्र विभिन्न प्रकारका अतिरिक्त कार्यक्रम अर्थात आफ्ना हक अधिकारहरु सुनिश्चित गर्ने गर्दछन् । बालबलिकाहरुका सर्वोत्तम हितका विषयहरु विद्यार्थी सहभागितालाई परिवार,

समूह विद्यालय, समुदाय क्षेत्रीय, राष्ट्रिय देखि अन्तर्राष्ट्रिय स्तरसम्म यसको आवश्यकता अपरिहार्य र महत्वपूर्ण विद्यालय भित्र एउटा बालक्लव गठन गरिएको हुन्छ । जसमा शिक्षक र विद्यार्थीहरुको महत्वपूर्ण भूमिका रहेको हुन्छ । विद्यालयमा अन्य विद्यार्थीहरु साधारण सदस्यको रुपमा रहेका हुन्छन् । सो बालक्लवले विद्यार्थीको सामाजिक विकासमा विभिन्न प्रकारका कार्यहरु गर्दै आइरहेको हुन्छ । विद्यार्थीको विभिन्न अतिरिक्त क्रियाकलापहरु मार्फत सामाजिकीकरणमा सहयोग पुऱ्याउने उद्देश्यहरु राख्दा राख्दै क्रियाशील हुँदा हुँदै पनि विद्यार्थीहरुको सामाजिक विकास गराउनका लागि विभिन्न अप्ठ्याराहरु चुनौतिहरु सृजना भइरहेका हुन्छन् । त्यस्ता अप्ठ्यारा चुनौतिपूर्ण समस्याहरुलाई तदारुकताका साथ अगाडि बढाउन नसकिरहेको यथार्थता विद्यालयहरुमा खड्किरहेको पाइन्छ ।

विद्यालयमा अझै सम्म पनि बालक्लवको गठन प्रभावकारी हुन सकेको छैन ? शिक्षकलाई अति पिरियडभार, आर्थिक अवस्था जस्ता विविध पक्षले गर्दा बालक्लवमा समस्या आएको पाइन्छ । यिनै कुराले गर्दा सामाजिक विकासमा बालक्लव एक चुनौतिपूर्ण अवस्था रहेको महशुस गर्दै विद्यार्थीको सामाजिक विकासमा बालक्लव नामक शीर्षकमा प्रस्तुत शोधपत्र तयार गरिएको छ । विद्यालयमा भित्र र बाहिर रहेका बालक्लवहरुले विद्यार्थीको सामाजिक विकासका लागि विभिन्न कार्यहरु गर्दा के कस्ता कमीकमजोरीहरु देखा परेका छन् ? यसका कमजोर पक्षहरु के के हुन सक्छन् ? यस बालक्लवप्रति विद्यार्थीहरुले हेर्ने धारणा वा दृष्टिकोण के कस्तो रहेको छ ? यसका लागि विद्यालयले के कस्ता कार्यकलापहरु गर्नु आवश्यक छ ? बालक्लवद्वारा सञ्चालन गरिएका कार्यहरुमा अनुगमन कार्य प्रभावकारी भएको छ या छैन ? कार्यक्रमहरु सञ्चालन गर्दा कुन कुन पक्षको कमजोरीका कारणले समस्या सृजना हुने गरेको छ ? बालक्लवले विद्यार्थीको सामाजिक विकासमागर्दै आएका कार्यक्रमहरुलाई अझ प्रभावकारी ढंगबाट सञ्चालन गर्न के गर्नु पर्दछ भन्ने जस्ता विषयहरुलाई मूल समस्याको रुपमा अध्ययनको विषयवस्तु बनाइएको छ ।

### १.३ अध्ययनको औचित्य

शिक्षाले बालकको सर्वाङ्गीण विकासमा महत्वपूर्ण भूमिका खेल्दै व्यक्ति, समाज र राष्ट्रिय रुपमा सामर्थ्यवान तुल्याउँछ । वर्तमान सन्दर्भमा शिक्षा बालकको जन्मसिद्ध मौलिक हक र आधारमूत आवश्यकता अन्तर्गत जोडिएको कारणले समाज विकासका लागि विभिन्न प्रकारका संघ संस्था, बालक्लव मार्फत सामाजिककीकरणमा सहयोगी बन्दै आफ्नो व्यक्तित्व विकास गरिरहेका छन् ।

कुनै पनि अध्ययन अनुसन्धान गर्नुका पछाडि त्यसको आफ्नो औचित्व र महत्व रहेको हुन्छ । त्यस्तै गरी यस शोध अनुसन्धानको पनि आफ्नै किसिमको औचित्य तथा महत्व रहेको पाइन्छ । बालक्लवले गर्दै आएका सामाजिक कार्यहरुमा देखा परेका कमीकमजोरीहरुको अध्ययन अनुसन्धान गरी कमजोरी पत्तँ लगाउनु, त्यसमा देखिएका समस्याहरुको निराकरण गर्न, त्यसको वर्तमान अवस्था र कार्यक्षत्रको बारेमा विस्तृत अध्यापन अनुसन्धान गर्नु, बालक्लवको भूमिकालाई प्रभावकारी बनाउनु आदि यस अध्ययनको औचित्यको रुपमा लिइएको छ ।

विद्यार्थीको विभिन्न अतिरिक्त क्रियाकलापहरुलाई मानव समुदायले सहयोग गर्नुपर्ने देखिन्छ । साथीहरुको क्रियाकलापलाई नजिकबाट हेरी उनीहरुलाई हौसला प्रदान गर्दै सामाजिक हक र हितका सम्बन्धमा क्रियाशील तुल्याउन आवश्यक देखिन्छ । बालक्लवमा रहेर काम गर्ने बालबालिकाहरुलाई विभिन्न क्षेत्रबाट सहयोग नपुगिरहेको अवस्थामा विभिन्न संघसंस्थाहरुले सहयोग पुऱ्याउनु पर्ने हुन्छ । बालक्लव एक प्रकारको सानो संस्थाको रुपमा क्रियाशील भइरहँदा पनि उसको कार्यहरुलाई गतिशील बनाउन कतिपय समस्याले बाधा पुऱ्याइ रहेको हुन्छ । विद्यालयमा सञ्चालन हुने विभिन्न किसिमका अतिरिक्त क्रियाकलापहरुमा कसरी सहयोग पुग्ने गरेको छ , विद्यालयमा सञ्चालन गरिएका कार्यक्रमहरुका के कस्ता समस्याहरु देखा पर्दै आएका छन् ? बालक्लवले गरेका कार्यक्रममा देखा परेका कमीकमजोरीलाइ के कसरी अनुगमन हुने गरेको छ ? कार्यक्रमहरु सञ्चालन गर्दै गर्दा कस्तो प्रकारको कमीकमजोरीका कारणले समस्या उत्पन्न हुने गरेको

छ ? भन्ने जस्ता समस्याहरुको अध्ययन गरी समाधानको विकल्प दिन सकिएको अवस्थामा बालक्लवको माध्यमबाट विद्यार्थीको सामाजिक विकासमा थप सहयोग पुग्ने देखिन्छ । बालक्लवको माध्यमबाट विद्यार्थीहरुको सामाजिक विकास गराउन, विद्यार्थीमा सामाजिक भावना र समाज, समुदाय प्रतिको जिम्मेवारी पक्ष बन्नको लागि बालक्लव प्रति आकर्षण बढ्न गई त्यस बालक्वमा बसेर कार्य गर्ने समाजसेवी का लागि यो अध्ययन प्रस्तावनाले महत्पूर्ण भूमिका खेल्दछ । विद्यार्थीको सामाजिक भावनाको वृद्धि विकास हुन गई समाजमा संगठित रुपमा कार्य गर्ने भावनाको सृजना गर्ने तर्फ थप सहयोग प्रदान हुने छ । विद्यार्थीलाई विद्यालयको वातवारण साथसाथै घर परिवार, छरछिमेकिलाइ समेत सामाजिक सेवा सम्बन्धी भावना जागृत गराएर समाजमा विभिन्न सामाजिक कार्य गर्नका लागि अझ सहयोग पुग्ने देखिन्छ । यस बालक्लवको अनुसन्धानबाट आगामी दिनमा यस अध्ययनसँग सम्बन्धित अध्ययन अनुसन्धनका लागि आवश्यक सन्दर्भ सामग्रीको समेत प्रयोग गर्न सकिन्छ । साथै भोलिका दिनमा बालक्लवको गठन प्रभावकारी बनाइ सामाजिक विकासमा लाग्नका लागि सहजता प्रदान गर्ने अभिप्रायले प्रस्तुत अध्ययन गरिएको छ ।

### १.४ अध्ययनको उद्देश्य

प्रस्तुत अध्ययनका उद्देश्यहरु निम्न रहेका छन् :

१) विद्यालयमा बालक्लवको भूमिका पत्ता लगाउनु,

२) बालक्लवको भूमिकालाई सरोकारवालाले हेर्ने दृष्टिकोण पत्ता लगाउनु,

३) विद्यार्थीको सामाजिक विकासमा बालक्लवमा देखिएका कमीकमजोरीको पहिचान गर्नु,

४) विद्यार्थीको सामाजिक विकासमा बालक्लवको भूमिकालाई प्रभावकारी बनाउने उपायहरुको खोजी गर्नु ।

### १.५ अनुसन्धान प्रश्नहरु

यस शोधअध्ययनका लागि अनुसन्धान प्रश्नाहरु निम्नलिखित रहेका छन् :

१) विद्यालयमा बालक्लवको वर्तमान अवस्था के कस्तो रहेको छ ?

२) बालक्लवको सामाजिक क्रियाकलापमा के कस्तो भूमिका रहेको छ ?

३) विद्यार्थीको सामाजिक विकासमा बालक्लवमा देखिएका कमीकमजोरीको के के हुन सक्छन् ?

४) विद्यार्थीको सामाजिक विकासमा बालक्लवको भूमिकालाई प्रभावकारी बनाउने उपायहरु के के हुन सक्छन् ?

## १.६ अध्ययनको परिसीमा

विद्यालयमा रहेको बालक्लव र यसले पुऱ्याउँदै आएको सामाजिक त्रियाकलापहरुको नजिकबाट अध्यनय गर्दै त्यसमा देखिएका समस्याहरुलाई मध्यनजर गरेर प्राप्त राय, सुझाव र सल्लाह बमोजिम समाधानका उपायहरुको खोजी प्रस्तुत शोधपत्रमा गरिएको छ । तर पनि शोधकर्ताको सीमित स्रोत, साधनका कारण ठूलो क्षेत्रमा लामो समयसम्म अध्ययन अनुसन्धान गर्न अप्ठ्यारो हुने भएको हुँदा यस शोधकार्यलाई तोकिएको उद्देश्य अनुसार पूर्णता प्रदान गर्नका लागि तथ्यांक संकलनका प्राथमिक तथा द्वितीय स्रोतको प्रयोग गरी प्राप्त तथ्यांकको आवश्यकता अनुसार व्याख्या एवम् विश्लेषण गरिएको छ । शोधकर्ताको भौगोलिक निकटता, पायक पर्ने तथा तथ्यांक संकलन कार्य गर्न सजिलो र सरल हुने भएकाले भरतपुर उपमहानगरपालिका लंकू स्रोतकेन्द्र अन्तर्गत रहेका ३१ वटा सामुदायिक विद्यालय मध्ये सम्भावनारहित नमुना छनोट विधिका आधारमा झुन्ड नमुना छनोट विधिद्वारा छनोटमा परेका ८ वटा विद्यालयका शिक्षक शिक्षिका १६ जना, अभिभावकमा ८ पुरुष ८ महिला गरी १६ जना प्र.अ. १।१ का दरले ८ जना, वि.व्य.स. अध्यक्ष १।१ का दरले ८ जना, विद्यार्थी ८ छात्र ८ छात्र गरी जम्मा १६ जना र एक जना विद्यालय निरिक्षक सहित जम्मा ६५ जनालाई यस शोधकार्यको जनसंख्याको रुपमा लिइएको छ । छनोटमा परेका विद्यालयमा विद्यार्थीको सामाजिक विकासमा बालक्लवको भूमिका के कस्तो रह्यो ? यसलाई प्रभवाकारी ढंगबाट सञ्चालन गर्नका लागि प्र.अ., विद्यालय व्यस्थापन समितिका अध्यक्ष, वि.नि., अभिभावक, शिक्षक प्रतिनिधि र विद्यार्थीको कस्तो भूमिका हुनु पर्दछ भन्ने बारेमा छुट्टा छुट्टै प्रश्नवाली भराई प्राप्त तथ्यांकको व्याख्या एवम् विश्लेषण गरिएको छ । शोधकार्यसँग सम्बन्धित हुने अनुसन्धनात्मक प्रतिवेदन, लेख रचना, पुस्तक पत्रिपत्रिकालाई सहित्यको पुनरावलोकनको रुपमा प्रयोग गरिएको छ । प्रस्तुत अध्ययन अन्य पक्षमा केन्द्रित नभई विद्यार्थीको सामाजिक विकासमा बालक्लव नामक शीर्षकमा मात्र केन्द्रित गरिएको छ ।

# परिच्छेद दुई

# साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका

अध्ययन अनुसन्धानलाई निर्धारित उद्देश्यमा पुऱ्याउन लागि अनुसन्धानकर्ताले सो अनुसन्धानसँग सम्बन्धित अगाडिका लेख रचना, पत्रपत्रिका तथा बुद्धिजिवीका भनाइलाई आधार मान्नु आवश्यक छ । यस शोधपत्रसँग सम्बन्धित हुने खालका समय समयमा विभिन्न लेखक, अनुसन्धानकर्ता आदिका अध्ययन अनुसन्धानहरु प्रकाशन गरिएका छन् । त्यसैले यस अनुसन्धानात्मक कार्यको औचित्यलाई पुष्टि गर्न सम्बन्धित अध्ययनको सैद्धान्तिक खाका र सम्बन्धित अनुसन्धानात्मक लेखको अध्ययन अपरिहार्य भएको हुँदा आजभन्दा अगाडिका सम्बन्धित लेखरचनाहरुलाई साहित्यको पुनरावलोकनकको रुपमा निम्नानुसार प्रस्तुत गरिएको छ :

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

यस शोधकार्यसँग सम्बन्धित लेख रचना तथा पत्रपत्रिकाहरुलाई साहित्यको पुनरावलोकनको रुपमा निम्नानुसार प्रस्तुत गरिएको छ :

कञ्चनपुर जिल्लाको सदरमुकाम महेन्द्रनगर बजार क्षेत्रमा रहेको वसपार्क तथा बजारका अन्य होटलहरुमा बालश्रम रोक्न विभिन्न विद्यालयहरुमा अध्ययन गर्ने कक्षा ६ देखि कक्षा १२ सम्मका बालक्लवका ४० जना बालबालिकाहरुद्वारा बाल सञ्जालको सिफारिसमा जिल्ला प्रशासन कार्यालयबाट सिफारिस बनाई तथ्यांक संकलन कार्य सम्पन्न गरेका थिए । नेपाल सरकारले बाल अधिकार सुनिश्चितताको लागि बालबालिका ऐन २०४८ लगायत राष्ट्रिय कानुन बनेको छ भन्ने अन्तर्राष्ट्रिय बाल अधिकार महासन्धीमा समेत अनुमोदन गरेपनि बालश्रम नियन्त्रण गर्नको लागि ठोस कदम नचाल्दा बालश्रमीकको संख्या बढ्दो छ, (रातोपाटी, २०१४) ।
विद्यालय तथा घरघरमा भएका झ्यालढोकाका चुकुलहरु, पानीको धाराका टुटीहरु बालबालिकाले भेट्ने ठाउँमा राख्ने, घरमा भएका खानेकुराहरुमा पनि बालबालिकालाई सोधेर के खान मन पराउँछन् त्यो खुवाउनु पर्ने, भोज भेतरमा जाँदा बालबालिकाले अरुका लागि

पकाएको पिरो मिसिएको खाना खानुपर्ने बाध्यताको अन्त्य गर्नका लागि मोरङ जिल्ला बयरवन स्थित बालक्लव र नवलपरासी जिल्लाको जागृति बालक्लवद्वारा जिल्ला प्रशासन कार्यालयमा ज्ञापनपत्र पेश गरी जिल्लामा दर्ताका लागि आवेदन पेश गरेका थिए, (तिमिल्सिना,२०५८) ।

मुस्कान बालक्लव पोखराद्वारा राष्ट्रिय बाल दिवसको अवसरमा बालबालिकाहरुको अधिकार सुनिश्चित गर्न बालश्रम र बालशोषण अन्त्य गर्न, समान अधिकार, बाल अधिकार, सडक बालबालिका पुनस्थापना आयोग गठन गर्न, बालबालिका सडकमा होइन, सडकमा पुस्थापना गराउन लेखिएका प्लेकार्ड सहित घण्टी बजाउँदै पोखराको पृथ्वीचोकबाट शुरु भएको र्‍याली नयाँबजार हुँदै महेन्द्रपुल भीमसेन चोकमा पुगी सभामा परिणत बालक्लवका पदाधिकारीद्वरा उक्त सभामा बालबालिकाको लागि बालगृहको निर्माण गर्नुपर्ने माग गरेका थिए, (आदर्श समाज पत्रिका, सन् २०१३,) ।

सिन्धुपाल्चोक जिल्ला बाँसवारी गा.वि.स.मा रहेको जाल्पादेवी उ.मा.वि. बासवारी ७ मा गठित प्रगति बालक्लवद्वारा फोहर नगरौं, विद्यालय र बजार क्षेत्र सफाराखौं भन्ने नाराका साथ उक्त विद्यालयका कक्षा १ देखि कक्षा १२ सम्मका सम्पूर्ण विद्यार्थीहरु सहभागी भई विद्यालय क्षेत्र तथा बाहुनेपाटी बजार हुँदै सिन्धुखोला बजारसम्मको बाटो वरिपरि फोहर टिपेर बजार तथा विद्यालय भित्रको सरसफाई कार्यक्रम सम्पन्न गरेका थिए, (प्रेमी, सुजन सन् २०१४ डिसेम्बर) ।

उज्यालो बालक्लव पञ्चकुले गा.वि.स. २ कौशिलपुर, दाङमा आवद्ध सरस्वती उ.मा.वि. चरमवटिया बालक्लवका विद्यार्थीले घरदैलो गरेर विद्यालयभन्दा बाहिर रहेका बालबालिकाहरुलाई विद्यालयमा भर्ना गराउन अभिप्रेरित गर्दै घरदैलो कार्यक्रम सञ्चालन, विभिन्न क्षेत्रबाट आर्थिक सहयोग संकलन गरी विद्यालयमा अध्ययन गर्ने आर्थिक अवस्था कमजोर भएका विद्यार्थीलाई सहयोग स्वरुप विद्यालय पोशाक तथा अध्ययन सामग्रीहरु वितरण, गाउँघर सरसफाई अभियान देखि विभिन्न सामाजिक गतिविधिहरु सञ्चालन, गाउँमा भएका खानेपानीका धाराहरु सरसफाई, पानीका मुहानहरु सफा गर्ने खुला दिशामुक्त अभियानमा

सहभागी विभिन्न जनचेतनामूलक अभिलेखहरु राख्ने विद्यालयका प्रांगणहरु सरसफाई गर्ने, विद्यालयका भित्तामा लेखिएका नराम्रा शब्द मेट्ने काम, क्षमता विकास सम्बन्धी तालिम तथा खेलकुद सामग्री वितरण गरी कार्यक्रम सम्पन्न गरेका थिए, (आचार्य, २०११) ।

जनहित सामुदायिक बालक्लवद्वारा एक वडालाई खुलादिशामुक्त क्षेत्र घोषणा गर्ने कार्यमा नेतृत्वदायी भूमिका खेलेकोमा गाउँलेद्वारा स्वागत योग्य कार्यको प्रसंशा गरिएको थियो । उक्त बालक्लवले गा.वि.स. सँग समझदारी गरी गाउँमा फोहर जम्मा गर्नका लागि ड्रम किनेर वरपरका फोहर जम्मा गर्ने सार्वजनिक कन्टेनरको समेत व्यवस्था गरेका थिए र हप्ता हप्तामा त्यस कन्टेनरको फोहरलाई उचित स्थानमा लगेर व्यवस्थापन गर्ने व्यवस्था मिलाएको थिए, ( कपन, अनलाइन, सन् २०१२) ।

बाल विवाह समाजमा छ प्रहरीलाई थाहा छैन नामक लेखमा उल्लेख गरिए अनुसार रामेछाप जिल्ला रामपुर गा.वि.स.की एक जना १६ वर्ष किशोरी सोही गा.वि.स. बस्ने २१ वर्षका युवासँग विवाह गर्ने निधो भएछ, त्यस बैवाहिक कार्यक्रमलाई निज केटीले प्रतिवाद गर्न नसकेपछि उनले अध्ययन गर्ने विद्यालयको बालक्लवमा सूचना गरिन् । तत्कालै बाल क्लवको बैठक बसेर बाल विवाह गर्नु गराउनु नै गैर कानुनी काम हो भनी उक्त बैठकले विवाह रोक्ने निर्णय गर्‍यो । त्यस निर्णलाई नै प्रहरी नभई बाल अधिकार कर्मीसँगको छलफल पछि २०७१ साल जेठ ११ गते बाल विवाह रोकियो, (सञ्चारिका अनलाइन, २०७१) ।

प्रभाकर बालक्लवद्वारा विद्यार्थीले विद्यालयमा अनिवार्य पोशाक र परिचयपत्र लगाउन निर्देशन जारी गरेका छन् । प्रभाकर मा.वि.मा नौलो घुम्ती नेपालद्वारा खोलीएको प्रभावकरबालक्लवले विद्यालयमा पोशाक र परिचयपत्रका लागि विद्यालय प्रशासनले पहल नगरेको भन्दै विद्यार्थीहरु सक्रिय भएर पोशाक र परिचयपत्र अनिवार्य गराएका छन् । पोशाक र परिचय पत्र नहुँदा पठन पाठन र अन्य क्रियाकलापमा समेत अप्ठ्यारो परेको भन्दै पोशाक र परिचय पत्र नलगाएका विद्यार्थीलाई जरिवाना समेत गर्ने बालक्लवले जनाएको छ, (आचार्य, २०६८) ।

पर्सा जिल्ला विरगञ्ज स्थित श्री रामस्वरुप रामप्रति चौरासिया मा.वि. भौवर गुठीमा रहेको बालक्लवले सरसफाई एवम् हात धुने कार्यक्रम सञ्चालन गरी बजारका अमर पट्टी मधवल परासौनी लगायत ८ वटा गाउँमा विभिन्न नाराका साथ सरसफाइ कार्यक्रम एवम् हातधुने प्रशिक्षण कार्यक्रम सम्पन्न गर्दै गाउँ, टोल, छरछिमेकहरुमा हात नधोई खाना खाएमा धेरै प्रकारका रोगले आक्रमण गर्ने जानकारी गराएका थिए, (इन्द्रेणी, राष्ट्रिय साप्ताहिक पत्रिका सन् २०१२) ।

मक्का मादिना निम्न मा.वि.मा बालक्लवको सक्रियतामा विद्यालयका विद्यार्थी अनियमितता दर घटेको देखिन्छ । उक्त विद्यालयमा अध्ययनरत विद्यार्थीको बालक्लव मदिना बालक्लवले विद्यालयमा विद्यार्थीहरु अनियमित हुनुका कारण पत्ता लगाई अभियान सञ्चालन गरेपछि विद्यार्थीहरु नियमित हुन थालेका छन् । बालक्लवका विद्यार्थीले आफ्नो खाजा खर्च कटाएर मासिक रु. ५। क्लवमा जम्मा गर्छन जुन पैसा महिनावारी हुँदा प्रयोग गरिने प्याड किन्न प्रयोग गर्दछन् । विशेष गरी कक्षा ६ देखि ८ मा अध्ययनरत बालबालिकाहरु महिनावारी हुँदा विद्यालयमा नआउने गरेपछि उनीहरुलाई विद्यालयमा नियमित गराउन प्याड वितरण गर्दै आएका हुन् । साथीहरु किन नियमित स्कुल आउँदैनन भनेर खोजी गर्दा विद्यालयमा महिनावारी हुने डरले नआउने गरेको पाइयो । विशेष गरी बालबीलकाहरुलाई महिनावारी भएको बेलामा प्रयोग गर्ने प्याड विद्यार्थीले उठाएको पैसाले नपुगेमा विद्यालयसँग पनि सहयोग माग्ने गरेका छन् । विद्यालयमा प्याडको सुविधा भएपछि महिनावारी भएको समयमा विद्यालय आउने तथा बिचैमा कक्षा छाडेर जाने समस्या हटेर गएको देखिन्छ । बालक्लवले विद्यार्थी कक्षामा नियमित गराउने मात्र होइन, नियमित नहुने विद्यार्थीका घरघरमा पुगेर अभिभभावकहरुसँग भेटेर उनीहरुका समस्या बुझ्ने गरेका छन् । बालक्लव र कक्षा ८ का केही विद्यार्थीहरु एक महिनासम्म विहान ८ बजेदेखि १० बजेसम्म विद्यार्थीका घरघरमा गई अनियमित हुनेलाई पनि सँगै विद्यालय ल्याउने कार्यक्रम सञ्चाल गरे, (खत्री, २०१५) ।

बालक्लव मेचीनगर ८ का विद्यार्थीहरु घरदैलो अभियानमा लागेका छन् । आफ्नो विद्यालय मात्र सफा भएर हुँदैन, आफ्नो घरगाउँ पनि सफा हुनुपर्दछ भन्ने मान्यताका साथ उक्त बालक्लवका विद्यार्थीले ४ वटा टोल विकास संस्थामा यो अभियान सञ्चालन गरेका हुन् ।

जसमा पाथिभरा, गौरीगाउँ, आदर्श र पिपल डाँडा टोल विकासमा कार्यक्रम सम्पन्न भई सकेको छ । मेचीनगर नगरपालिका र मेची उद्योग वाणिज्यसंघको समन्वयमा सञ्चालित बालक्वले आफ्नो आगन सफा राखौं वडा नं. ८ लाई खुला दिसामुक्त क्षेत्र घोषणा गरौं, सक्छौं सफा गरौं सक्दैनौं फोहर नगरौं भन्ने नारा सहित विद्यालयबाट शुरु भएर ऱ्यालिले गाउँ परिक्रमा सहित टोलको सरसफाई गर्ने गरेका छन् । पढाइलाई समेत असर नपरोस् भन्ने उद्देश्यका साथ सार्वजनिक विदाका दिन सञ्चालन गर्दै आएको अभियानलाई शिक्षक, विद्यालय व्यवस्थापन समिति, विद्यार्थी, शिक्षक अभिभावक संघ, अभिभावक तथा स्थानीयवासिले खुलेरै सहयोग गर्दै आएका छन् । विद्यार्थीहरु सनिबारको दिन छुट्टी पनि नभनि हातमा खरेटो, डस्विन, नाराको पम्प्लेट बोकी गाउँ सरसफाइ गरेका छन्, (गौली, २०७१) ।

## २.२ अध्ययनको सैद्धान्तिक खाका

कुनै पनि अनुसन्धान एउटा निश्चित सिद्धान्तको आधारमा गरिएको हुन्छ । अनुसन्धानकर्ताको मनोगढन्ते लेखाइबाट अध्ययन कार्यले पूर्णता नपाउने र त्यो व्यवहारिक पनि नहुन सक्ने एवम् तथ्यांक संकलन लागि समेत असहज हुने हुँदा विद्यार्थीको सामाजिक विकासमा बालक्लवको भूमिका नामक शीर्षकमा गरिएको प्रस्तुत शोधपत्रमा लेभ भिगोत्स्कीको सामाजिक विकासको सिद्धान्तलाई आधार मानिएको छ ।

मनोवैज्ञानिक भिगोत्सी (१८९६-१९३४) सामाजिक व्यवहार विकास सिकाइको आरम्भ गर्ने आरम्भकर्ताका रुपमा  चिनिन्छन् । उनको यो सिद्धान्त पश्चिमी देशहरुमा १९६२ सम्म प्रचलनमा रहेको थियो । यो सिद्धान्तका ३ वटा प्रमुख कुराहरु निम्न छन् ।

बालबालिकाको संज्ञान विकासमा सामाजिक अन्तरक्रियाले एउटा महत्वपूर्ण भूमिका खेलेको हुन्छ । जिन पियाजेको विचारमा सिकाइ भन्दा शारीरिक विकास पहिला हुन्छ तर भिगोत्सीको विचारमा शारीरिक विकास भन्दा सामाजिक सिकाइ पहिला हुन्छ । उनको विचारमा हरेक बच्चाको सामाजिक विकासमा २ वटा चरण हुन्छन् :

पहिलो सामाजिक तहमा

दोस्रो व्यत्तिगत तहमा

आफूभन्दा जान्ने व्यक्ति अर्थात कुनै पनि प्रक्रिया, काममा जो आफूभन्दा बढी ज्ञाता छ त्यही व्यक्ति एउटा कोच वा परिपक्क व्यक्ति हो । विकासको मात्रा एउटा विद्यार्थीका व्यक्तिगत रुपमा अर्को जवान व्यक्तिको तुलनामा कार्य क्षमताको समस्या समाधान गर्ने खुवी हो । सिकाइ क्षेत्रमा सम्पादन हुन्छ । भिगोत्स्कीले भन्दछन् व्यक्तिले मानिस र सांस्कृतिका वातावरणसँगको अन्तरसम्बन्धको आधारमा अनुभव आर्जन गर्दा मानिसले संस्कृतिद्वारा विकास भएका औजारहरु प्रयोग गर्दछ जस्तै : भाषा र लिपि समाजमा अन्तरनिर्माण गर्ने बालबालिकाले यी औजारहरु सिक्छन् । यी द्वारा उसले सञ्चार गर्न सक्छ ।

यिनै औजारको प्रयोगले उच्चस्तरीय चिन्तन सक्रिय सम्भव हुन्छ । धेरै शैक्षिक संस्थामा परम्परागत शैलीमा विद्यार्थीलाई विभन्नि कुराहरु सिकाउने गरिन्छ । भिगोत्सीका अनुसार शिक्षक होइन विद्यार्थी आफै सिकाइमा सक्रिय हुनुपर्दछ । शिक्षले एउटा सहयोगीको भूमिका निर्वाह गरी विद्यार्थीलाई अर्थपूर्ण रुपमा सिक्न मद्दत गर्नु आवश्यक छ । सामाजिक विकास सिद्धान्तले समाजको संरचनात्मक र निश्चित खाका भएको गुणात्मक परिवर्तनको व्याख्या गर्दछ । जसले समाज विकासको ध्येय र उद्देश्यलाई प्रष्टसँग उजागर गर्दछ । विकास भनेको ऐतिहासिक समय देखि समाजमा उपलब्ध भएको उच्च स्थिति हो । जसमा समाजको कार्यक्षमता, गुण, उत्पादकत्व, जटिलता, नयाँ सोच, वृहत योजना आदि पर्दछन् । विकास एउटा सामाजिक प्रक्रिया हो । जो कुनै नीतिहरुको समूह र संख्याको निश्चित परिणामको योजना पनि हो । सामाजिक परिवर्तनको आधारभूत बनावट भनेको बढ्दै गएको राम्रो संगठन हो । विकास समाजको क्षमताको परिणाम हो । त्यसैले बालक्लवमा रहेका विद्यार्थीमा भएको क्षमतालाई समाजमा प्रयोग गर्दा सामाजिक विकासको प्रतिफल समाजले पाउँछ । बालक्लवमा भएको अन्तर्निहित क्षमतालाई शिक्षाको माध्यमबाट समाज सेवाको भावनामा अभिप्रेरित गर्न सकिन्छ । समाज पूर्ण परिभाषित विकासमा चरणहरु हुँदै पहिलाको शिकारी समाजबाट विकसित हुँदै ग्रामीण, सहर, औद्योगिक, पूर्णको समाज र औद्योगिक समाजमा रुपमान्तरण भएको पाइन्छ ।

प्रगतिवादी दार्शनिक जोन डिवेका अनुसार समाजमा विभिन्न किसिमका कुरीति, कुसंस्कार र अन्धविश्वासहरु हुनसक्छन् विद्यालय भनेको समाजको प्रतिनिधित्व गर्ने संस्था हो । जसले समाजलाई अन्धविश्वासबाट हटाई आधुनिक बाटोतिर लैजाने दायित्व बोकेको हुन्छ । विद्यालयमा सिकेका ज्ञान, अनुभवको प्रयोग विद्यार्थीहरुले समाजमा गर्दछन् । त्यसकारण सामाज एउटा परम्परावादी सोचाइबाट परिवर्तित हुन सिकि आधुनिक समाजको निर्माणतर्फ अग्रसर हुन्छ । विद्यालयमा भएको बालक्लवद्वारा सामाजिक विकासमा महत्पूर्ण योगदान गर्न सकिन्छ । विद्यालयमा प्राप्त गरेको ज्ञान, सीप, शिक्षा विभिन्न संगठित रुपबाट सामूहिक क्रियाकलापद्वारा बालबालिकामा संगठित रुपबाट सामुहिक क्रियाकलापद्वारा सामाजिक भावना र सामाजिक गुणको विकास हुन्छ ।

त्यसैले यस शोधपत्र तयार गर्ने क्रममा अध्ययनसँग सम्बन्धित रहेर सामाजिक विकासको कार्यमा बालक्लवहरुको सहभागितामा वृद्धि गर्ने विद्यालय शिक्षालाई एउटा आधारभूत रुपमा विकास गर्ने कुरामा जोड दिइएको छ । माथिको भनाइबाट सामाजिक विकासको सिद्धान्त महत्वपूर्ण रहन्छ भन्ने तथ्य अनुसार विद्यार्थीको सामाजिक विकासमा बालक्लवको भूमिका नामक यस शोधपत्रको अध्ययनको लागि सैद्धान्तिक खाकाको रुपमा प्रयोग गरिएको छ ।

### २.३ पुनरावलोकनको शैक्षिक उपादेयता

विद्यार्थीको सामाजिक विकासमा बालक्लव नामक शीर्षकमा तयार गरिने प्रस्तुत शोधपत्रलाई उद्देश्यअनुसार पूर्णता प्रदान गर्नका लागि आजभन्दा अगाडि यस शोधपत्रसँग सम्बन्धित हुने खालका विभिन्न विद्वानका लेखरचना, पत्रपत्रिका, शोधपत्रलाई अध्ययन गरी साहित्यको पुनरावलोकनको रुपमा समीक्षा गरिएको छ । यसरी अध्ययन गरिएको साहित्यको पुनरावलोकनको माध्यमले विद्यार्थीको सामाजिक विकासमा बालक्लवको भूमिका के कस्तो रहेको छ, उनीहरुमा के कस्ता समस्या रहेका छन्, बालक्लव सम्बन्धी आजभन्दा अगाडि के कस्ता अध्ययनहरु भएका छन् र बाँकी अध्ययन गर्नु पर्ने कुराहरु के के हुन सक्छन् भन्ने जस्ता कुराको तथ्य पत्ता लगाई शोधपत्रलाई व्यवहारिक एवम् वस्तुनिष्ठ बनाउनका लागि थप सहयोग पुग्ने देखिन्छ । त्यसैगरी लेभ भिगोत्स्कीको सिद्धान्तलाई आधार मानेर तयार पारिएको प्रस्तुत शोधपत्रमा भिगोत्स्कीको सिद्धान्तका आधारमा तथ्य संकलन गरी सोही अनुसार व्याख्या एवम् विश्लेषण गर्नका लागि थप सहयोग पुगेको छ ।

# परिच्छेद तीन

# अध्ययन विधि र प्रक्रिया

कुनै पनि अध्ययनकार्यलाई प्रभावकारी एवम् उद्देश्य अनुसार पूर्णता प्रदान गर्नका लागि निश्चित तरिका वा प्रक्रिया अपनाइन्छ, यसैलाई अध्ययन विधि भनिन्छ । अनुसन्धान नयाँ ज्ञान प्राप्त गर्ने व्यवस्थित कार्य हो । तसर्थ यस अध्ययन अनुसन्धान कार्यलाई सम्पन्न कार्यका लागि विषयवस्तुको प्रवृत्ति अनुसार उद्देश्य  प्राप्त हुनेगरी निम्नानुसार विधिहरुलाई प्रयोगमा ल्याइने छ ।

## ३.१ अनुसन्धान ढाँचा

अनुसन्धान एक जटिल प्रक्रिया हो । विभिन्न विषयवस्तुको अध्ययन अनुसन्धान गर्ने तरिकाहरु फरक फरक हुन्छन् । कुनै विषयवस्तुको अध्ययन गर्दा उचित र स्पष्ट अनुसारको ढाँचा प्रयोग गर्नु आवश्यक हुन्छ । विद्यार्थीको समाजिक र्विकासमा बालक्लवको भूमिका नामक यस शोध कार्यमा वर्णनात्मक विधिको प्रयोग गरिएको छ । विद्यार्थीमा भएको सामाजिक भावनालाई बाहिर उजागर गर्नका लागि बालक्लवको माध्यमबाट जागरुक बनाउनु पर्दछ । त्यसैले यस ाशाधकार्य पूरा गर्नको लागि भरतपुर उपमहानगरपालिका अन्तर्गतको स्रोतकेन्द्र लंकू अन्तर्गत रहेका सामुदायिक विद्यालयमा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, प्र.अ. शिक्षक, विद्यार्थीी र अभिभावकको मत संकलन गरिएको र प्रस्तुत अध्ययन गुणात्मक ढाँचाको रहेको हुँदा विवरणात्मक तवरले प्राप्त तथ्यको व्याख्या एवम् विश्लेषण गरिएको छ ।

## ३.२ अध्ययनको नमुना

शैक्षिक अनुसन्धानमा नमुना छनोटको प्रयोग व्यापक रुपमा हुँदै आएको छ । नमूना  असल भएमा मात्र यसबाट निकालिने निष्कर्ष यथार्थ हुनसक्छ । त्यसैले अनुसन्धनात्मक कार्यमा उपयुक्त नमुना छनोट हुनु आवश्यक छ । नमूना छनोटमा हुने गल्तीहरु कम भएको नमूना नै असल नमुनाको रुपमा लिन सकिन्छ । नमूना छनोटका धेरै विधिहरुमध्ये यस्तो उपयुक्त विधि छनोट गर्नु पर्दछ जसबाट नमूना छनोट गर्दा जनसंख्याको सही प्रतिनिधित्व हुन सक्दछ । समय

र आर्थिक कुरालाई पनि ध्यानमा राखेर सबै ठाउँ, क्षेत्रमा गएर अध्ययन गर्न सम्भव हुँदैन । यस विद्यार्थीहरुको सामाजिक विकासमा बालक्लव नामक शोधकार्यको लागि सम्भावनायुक्त नमुना छनोट अन्तर्गत झुण्ड नमूना छनोट विधिद्वारा नमूना छनोट गरिएको छ । उ.मा.वि. ९ वटा मध्ये २ वटा, मा.वि. ९ वटा मध्ये २ वटा, नि.मा.वि. ३ वटा मध्ये १ वटा, प्रा.वि १२ वटा मध्ये ३ वटा गरी ८ वटा विद्यालयहरु अध्ययन कार्यका लागि छनोट गरिएको छ ।

### ३.३ तथ्यांकका स्रोतहरु

अध्ययनका क्रममा निम्नानुसार स्रोतहरु प्रयोगमा ल्याएको छ :

**प्राथमिक स्रोत :**

खुला अन्तरवार्ता प्रश्नावली मार्फत शिक्षक, विद्यार्थी, वि.व्य.स. समितिका पदाधिकारीहरु, अभिभावक तथा प्र.अ.सँग लिइएको तथ्यांक साथै विद्यालयको भौतिक स्रोत साधनको प्रत्यक्ष अवलोकनबाट तथ्यांक संकलन गरिएको छ ।

**द्वितीय स्रोत :**

तथ्यांक संकलनको द्वितीय स्रोत अन्तर्गत छनोटमा परेका विद्यालयमा विद्यालय सुधार योजना र विद्यालयको अभिलेख, दस्तावेजबाट लिइएका तथ्यांकलाई आधार मानिएकोछ ।

### ३.४ अध्ययनका साधनहरु

अध्ययन तथा अनुसन्धानका क्रममा उद्देश्यलाई बस्तुनिष्ट तथा व्यवहारिक बनाउनका लागि निम्नानुसारका साधनहरु प्रयोगमा ल्याइएको छ :

क) **अन्तरवार्ता प्रश्नावली** : यस अध्ययनको अनुसन्धानको जनसंख्या लंकू स्रोतकेन्द्र अन्तर्गत रहेका ३३ वटा विद्यालय मध्ये छनोटमा परेका ८ वटा विद्यालयहरुमा अनुसन्धानकर्ता प्रत्यक्ष भेट भई शिक्षक, विद्यार्थी, अभिभावक, वि.नि.लाई अनुसूचीमा उल्लेखित छुट्टा छुट्टै अन्तरवार्ता प्रश्नावलीको प्रयोग गरेर तथ्यांक संकलन गरिएको छ ।

**ख) छलफल तथा अन्तरक्रिया** : छनोटमा परेको अध्ययन स्थलमा अनुसन्धानकर्ताको प्रत्यक्ष उपस्थितिमा आवश्यकता अनुसार छलफल तथा अन्तरक्रिया गरी तथ्यांक संकलन गरिएको छ ।

### ३.५ तथ्यांक सङ्कलन

अध्ययनका क्रममा छनोटमा परेको विद्यालयमा अनुसन्धानकर्ता प्रत्यक्ष उपस्थित भएर अध्ययन स्थलका प्र.अ.,शिक्षक, विद्यार्थी, अभिभावक, वि.नि.हरुसँग अनुसूचीमा उल्लेखित प्रश्नावलीको आधारमा तथ्यांक संकलन गरिएकोछ । त्यसैगरी द्वितीय तथ्यांक संकलनका लागि विभिन्न लेख रचनाहरु, पत्रपत्रिका, बुलेटिन, शोधपत्र र सम्बन्धित विद्यालयमा अभिलखेहरुलाई संकलन गरिएको छ ।

### ३.६ तथ्यांकको विश्लेषण प्रक्रिया

खोज एवम् अध्ययन अनुसन्धनका विभिन्न स्रोतबाट प्राप्त तथ्यांकहरुलाई सही ढंगबाट व्याख्या एवम् विश्लेषण गरेर अनुसन्धानकार्यलाई उद्देश्य अनुसार पूर्णता प्रदान गर्नका लागि अनुसन्धानको ढाँचा अनुसार गुणात्मक तवरबाट व्याख्या एवम् विश्लेषण गरिएको छ । तथ्यांकको व्याख्या एवम् विश्लेषण गर्दा कुन उद्देश्य प्राप्तिका लागि अध्ययन गरिएको, अध्ययनको प्राप्ति कस्तो रह्यो, प्राथमिक तथा द्वितीय स्रोतबाट प्राप्त नतिजाबाट सही रुपमा आउन सके वा सकेनन् भन्ने कुराको विशेष अध्ययन गरिएको छ । प्राप्त तथ्यहरुको स्पष्टसँग विश्लेषण र व्याख्या गर्न सजिलो बनाउनका लागि तथ्यांकको व्याख्या विश्लेषण तथा प्रस्तुतिकरण गरिएको छ ।

# परिच्छेद चार

# तथ्यांकको व्याख्या एवं विश्लेषण

अनुसन्धानको क्रममा अनुसन्धनात्मक प्रश्नहरुको उत्तर प्राप्त भइ सकेपछि संकलन गरिएका तथ्यांकहरुको वर्गीकरण गर्ने क्रममा तथ्यांकको उचित व्यवस्थापन गरी सोही अनुसार निष्कर्ष किकाल्नुलाई नै तथ्यांकको व्याख्या तथा विश्लेषण भनिन्छ । सही तथ्यांकके आधरमा गरिएको व्याख्या र विश्लेषणबाट कुनै पनि अध्ययन तथा अनुसन्धानलाई निष्कर्षमा पु¥याउन सकिने हुँदा विद्यार्थीको सामाजिक विकासमा बालक्लव नामक शीर्षक चयन गरिएको यस अनुसन्धानमा चितवन जिल्लाको लंकू स्रोतकेन्द्र अन्तर्गत पर्ने श्री आदिकवि भानुभक्त उ.मा.वि., श्री लक्ष्मी उ.मा.वि., श्री नयाँकिरण मा.वि., श्री मा.वि. गौरीगञ्ज, श्री हिमालय नि.मा.वि., श्री सिद्धि जनकल्याण रा.प्रा.वि., श्री जखडीमाई रा.प्रा.वि र श्री नवजागृति रा.प्रा.वि.लाई यो अध्ययन अनुसन्धानका लागि छनोट गरिएको छ । छनोटमा परेका विद्यालयका प्र.अ., वि.व्य.स. अध्यक्ष, शिक्षक, अभिभावक तथा विद्यार्थी र स्रोतकेन्द्रका विद्यालय निरिक्षकसँग प्रत्यक्ष अन्तरवार्ता, प्रश्नावलीबाट प्राप्त सूचना, स्थलगत भ्रमणबाट प्राप्त तथ्यां प्रस्तुत गरिएको छ । तिनै तथ्यांकका आधारमा विद्यार्थीको सामाजिक विकासमा बालक्लवको भूमिकाका सम्बन्धमा गहन अध्ययन गरेर व्याख्या तथा विश्लेषण गरिएको छ।

## ४.१ विद्यालयमा बालक्लवको भूमिका

विद्यालय समाजमा रहेको एक सामाजिक संस्था हो जहाँ विभिन्न जातजाति, भेषभूषा र आर्थिक रुपमा विविधता भएका बालबालिकाहरु अध्ययन गर्न आइरहेका हुन्छन् । विद्यार्थीहरुलाई सामाजिकीकरण गर्नाक लागि साथै सामाजिक नीतिहरु विकास गराउनका लागि विद्यालय स्तरमा विभिन्न संघ संस्था तथा क्लवहरुको स्थापना गरिएको हुन्छ  जस्तै बालक्लव, ग्रीन क्लव । यसरी स्थापित सामाजिक संघसंस्थाहरुले विद्यालयमा विद्यार्थीको सामाजिक विकासमा के कस्तो भूमिका निर्वाह गरेका छन् भन्ने मुख्य उद्देश्यका साथ विद्यार्थीको सामाजिक विकासमा बालक्लवको भूमिका नामक शीर्षक चयन गरी यस अध्ययन अनुसन्धानमा शोधपत्रलाई उद्देश्य

अनुसार पूर्णता प्रदान गर्नका लागि छनोटमा परेका विद्यालयहरुमा बालक्लवको अवस्था तथा भूमिकाका सम्बन्धमा निम्नानुसार व्याख्या एवम् विश्लेषण गरिएको छ :

### ४.१.१ विद्यालयमा बालक्लवको गठन प्रक्रिया

बालक्लव विद्यालयमा रहेको एक क्रियाशील विद्यार्थीहरुको समूह हो जसले विद्यालय भित्र र बाहिर समाजमा विभिन्न प्रकारका सामाजिक कार्यहरु गर्दछ । बालक्लवको माध्यमद्वारा विद्यालयमा विभिन्न प्रकारका सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्नका लागि लगनशील क्रियाशील, सामाजिक कार्य गर्ने भावना भएका विद्यार्थीहरुको आवश्यकता पर्दछ । त्यस्ता विद्यार्थीहरु छनोट गरी विद्यालयमा विभिन्न प्रकृयाद्वारा बालक्लवको गठन प्रक्रिया के कस्तो रहेको छ भन्ने तथ्य पहिचान गर्नका लागि अनुसन्धानकर्ताले गरेको अध्ययन अवलोकन तथा छनोटमा परेका विद्यालयका शिक्षक नयाक, प्र.अ., विद्यार्थीसँग सोधिएको अन्तरवार्ता अनुसार विद्यालयबाट प्राप्त पत्रको आधारमा श्री जखडीमाई रा.प्रा.वि. भरतपुर -११, चितवनमा लालीगुँरास ग्रीन क्लवको नामबाट बालक्लवको गठन भएको पाइयो । उक्त विद्यालयमा कक्षा १ देखि कक्षा ५ सम्मका विद्यार्थीहरुलाई लिने गरिएको पाइयो । जस अनुसार १ जना अध्यक्ष, १ जना उपाध्यक्ष, १ जना सचिव, १ जना कोषाध्यक्ष र ५ जना सदस्य गरी जम्मा ९ जनाको कार्य समिति सबै विद्यार्थीहरुको सर्ब सहमतिबाट गठन गरिएको पाइयो । बालक्लवको गठन गर्दा सबै शिक्षकहरु र विद्यार्थीको संयुक्त भेलाद्वारा गठन गर्ने चलन रहेको पनि पाइयो । शिक्षकहरुको तर्फबाट १ जना शिक्षक नायक पनि चुनिने गरिएको अनुसन्धानको क्रममा उक्त भवनमा राखिएको क्लवको नामावली एवम् छलफलबाट जानकारी प्राप्त भएको थियो । त्यसैगरी छनोटमा परेको अध्ययन स्थल श्री नयाँकिरण माध्यमिक विद्यालय भोजाड भरतपुर-११ को बालक्लवको गठन प्रक्रिया कक्षा ६ देखि कक्षा १० सम्मका बालबालिकाहरुको आपसी छलफलबाट निर्विरोध रुपमा १ जना अध्यक्ष, १ जना उपाध्यक्ष, १ जना सचिव, १ जना सह सचिव, १ जना कोषाध्यक्ष र सदस्यहरु १० जना साथै २ जना विशेष आमन्त्रितको रुपमा गरी जम्मा १७ जनाको कार्य समिति बनाई उक्त समितिको अवधि २ वर्षको हुने स्थलगत अध्ययका क्रममा शिक्षक नायक श्री भवानी प्रसाद शर्मानबाट जानकारी प्राप्त भएको थियो ।

यसैगरी श्री नवजागृति रा.प्रा.वि. भरतपुर-११ मा जूनकिरी बालक्लवको नामबाट बालक्लवको गठन गरिएको प्र. अ. राधा अधिकारी द्वारा जानकारी पाइयो । अध्यक्ष १ जना, उपाध्यक्ष १ जना, सचिव १ जना गरी १३ जनाको कार्यसमिति विद्यार्थीको भेलाबाट निर्विरोध निर्वाचित गरिएको स्थलगत अध्ययनबाट जानकारी प्राप्त भएको थियो । श्री लक्ष्मी उ.मा.वि. लंकूमा कक्षा ४ देखि कक्षा १० सम्मका कक्षागत विद्यार्थी प्रतिनिधिको रुपमा छनोट गरी सबै कक्षागत प्रतिनिधिको सहभागितामा १ जना अध्यक्ष, १ जना उपाध्यक्ष, १ जना सचिव, १ जना कोषाध्यक्ष गरी ५ जनाको कार्यसमिति निर्विरोध निर्वाचित गरिएको शिक्षक नायक श्री प्रकाशचन्द्र भट्टराईद्वारा जानकारी प्राप्त भएको थियो । यसैक्रममा श्री मा.वि. गौरीगञ्ज मा कक्षा ३ देखि कक्षा १० सम्मका कक्षागत विद्यार्थी प्रतिनिधिहरुको सहभागितामा अध्यक्ष, उपाध्यक्ष, सचिव गरी १७ जनाको कार्यसमितिको चयन गरिएको विद्यालयका प्राचार्य श्री तेजनाथ शर्माद्वारा जनकारी प्राप्त गरिएको थियो । श्री हिमालय नि.मा.वि. जागृति चोकमा कक्षा ४ देखि कक्षा ८ सम्मका कक्षागत विद्यार्थी प्रतिनिधिबाट बालक्लवको कार्यसमितिमा अध्यक्ष, उपाध्यक्ष र सचिव सहित ९ जनाको समिति चयन गरिएको शिक्षक नायक श्री शारदा खनालद्वारा जानकारी प्राप्त भएको थियो ।

छनोटमा परेको विद्यालय श्री आदिकवी भानुभक्त उ.मा.वि नारायणगढमा कक्षा ५ देखि कक्षा १० सम्म कक्षागत प्रतिनिधिको रुपमा निर्विरोध चयन गरी १३ जनाको कार्यसमिति बनाइएको विद्यालयका स.प्र.अ. श्री टिकाराम सापकोटाद्वारा जानकारी प्राप्त भएको थियो । श्री सिद्धिजनकल्याण रा.प्रा.वि. गणेस्थानमा कक्षा २ देखि कक्षा ५ सम्मका विद्यार्थीहरुबाट कक्षागत प्रतिनिधिहरुबाट अध्यक्ष, उपाध्यक्ष र सचिव सहित ११ जनाको कार्यसमिति गठन गरिएको विद्यालयका प्र.अ. श्री रञ्जना मिश्रबाट जानकारी प्राप्त गरिएको थियो ।

### ४.१.२ बालक्लवको लागि आवश्यक कोठा र सामग्रीहरुको अवस्था

बालक्लवको माध्यमद्वारा सामाजिक भावनालाई आत्मसाथ गर्दै विद्यालयहरुमा स्थापित बालक्लवको विकासका लागि भौतिक अवस्था तथा क्लवका लागि आवश्यक सामग्रीहरु उपलब्ध रहिरहनु नितान्त आवश्यक रहने देखिन्छ । यसै कुरालाई दृष्टिगत गरी छनोटमा परेका

विद्यालयहरु श्री आदिकवि भानुभक्त उ.मा.वि., नारायणगढ, श्री सिद्धि जनकल्याण रा.प्रा.वि. , गणेस्थान, श्री नयाँकिरण मा.वि. भोजाड, श्री जनजागृति रा.प्रा.वि. नौरंगे श्री जखडीमाई रा.प्रा.वि., बसेनी श्री लक्ष्मी उ.मा.वि. लंकू मा गरिएको बालक्लवको लागि भवन के कस्तो रहेको छ ? पर्याप्त मात्रमा आवश्यक सामग्रीहरु छन् कि छैनन् ? भन्ने विषयमा विद्यालयका प्र.अ., शिक्षक नायक, अभिभावक, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, विद्यार्थीहरुसँग गरिएको अध्ययन अनुसन्धान तथा छलफल अनुसार अधिकांश विद्यालयमा बालक्लवको लागि छुट्टै भवन तथा छुट्टै कोठाको व्यवस्था नभएको तथा विद्यालयमा भएको रेडक्रस, अतिरिक्त क्रियाकलाप र बालक्लवको लागि एउटै कोठा प्रयोग गरिएको पाइयो । उक्त कक्षाकोठामा विभिन्न दराजहरु छुट्टा छुट्टै रुपमा राखेर कार्य गरिएको पाइयो । श्री मा.वि. गौरीगञ्ज र श्री हिमालय नि.मा.वि. जागृति चोकमा बालक्लव र रेडक्रसको लागि साथै अतिरिक्त क्रियाकलापको लागि छुट्टै कोठा भएको पाइयो । बालक्लवको लागि आवश्यक विभिन्न प्रकारका सामग्रीहरु जस्तै सरसफाईको लागि डष्टबिनहरु, हाजिरी जवाफ प्रतियोगिता तथा अन्य निबन्ध, वक्तृत्वकलाका लागि विभिन्न प्रकारका पुस्तकहरु, सामान्यज्ञानहरु, पत्रपत्रिका, पोष्टहरु राखिएको पाइयो ।

उक्त दराजमा विभिन्न समयमा सञ्चालन भएका विभिन्न कार्यक्रमको जानकारी रुपी तथ्यांकहरु, बैठक पुस्तिका साथै कतिपय शैक्षिक सामग्रीहरु पनि रहेको पाइयो । विद्यालय, पत्रपत्रिका, सामान्य ज्ञान, निबन्धका पुस्तकहरु पढ्ने, व्यवस्था गरिएको स्थलगत अनुसन्धानका क्रममा जानकारी प्राप्त भएको थियो । पुस्तकहरु पढ्नका लागि बालक्लवको कार्यसमितिलाई साप्ताहिक रुपमा पालो लगाई विद्यार्थीलाई विभिन्न पुस्तकहरु पढ्ने, बुझ्ने अवसर प्रदान गरिएको पाइयो । श्री नवजागृती रा.प्रा.वि.मा जुनकिरीको नामबाट जुनकिरी बालक्लव रहेको पाइयो । उक्त विद्यालयमा आर्थिक अभावकका कारण बालक्लवको लागि आवश्यक सामग्रीहरु दराजको एउटा कोठामा राखिएको पाइयो । विभिन्न प्रकारका कार्यहरु सञ्चालन गरेका कागजातहरु व्यवस्थित रहेको पाइएन । व्यवस्थित कार्य गर्नका लागि बालक्लवका विद्यार्थीहरुले विभिन्न प्रकारका फाइलद्वारा छुट्टै स्थानहरु प्रयोग गर्न शुरु गरी फाइलहरुको वर्गीकरणका आधारमा छुट्टा छुट्टै स्थानहरु प्रयोग गर्न थालेको पाइयो । उक्त क्लवले त्रैमासिक रुपमा

सरसफाई कार्य गर्नको लागि प्लाष्टिकका बाल्टिन, कुचो, फोहर जम्मा गर्ने डष्टिविन आदि सामग्रीहरु राखिएको पाइयो । विद्यालयको कार्यालयभित्र भित्तामा चेलीबेटी बेचविखन विरुद्धका घरेलु बाल मजदुरलाई निराकरण गर्ने कार्यको लागि जनचेतनामूलक प्लेकार्डहरु राखिएको पाइयो । छनोटमा परेका अधिकांश विद्यालयहरुमा विद्यार्थीहरुबाट आवश्यक शुल्क उठाउन नपाएको,विद्यालयको आफ्नै आम्दानीको स्रोत नभएको कारणले गर्दा बालक्लवका लागि चाहिने आवश्यक सामग्रीहरु जुटाउन नसकेको भन्नेजस्ता तथ्यहरु विद्यालयबाट जानकारी प्राप्त भएको थियो ।

### ४.१.३ विद्यार्थीको सामाजिक विकासको  लागि बालक्लवले गर्दै आएका कार्यकलापहरु

विद्यालयमा गठन भएको बालक्लवले विद्यालय तथा समाजमा सामाजिक कार्यहरु गर्ने भएकाले यो एक सामाजिक संस्थाको रुपमा स्थापित भएको हुनाले यसको मुख्य कार्य विद्यार्थीहरुलाई सामाजिक विकासमा लगाउनु हो । विद्यार्थीहरु कलिलो उमेरदेखि सामाजिक भावना अनुसार सामाजिक कार्यमा संलग्न हुने हुँदा भोलिका दिनहरुमा देशका प्रमुख व्यक्तित्वको रुपमा स्थापित गराउन पर्दछ भन्ने उद्देश्यले विद्यालयमा खोलिएका बालक्लवले विद्यार्थीको सामाजिक भावना तथा सामाजिक विकासका लागि के कस्तो सामाजिक कार्यहरु गर्दै आएको छ भन्ने जानकारी प्राप्त गर्नका लागि छनोटमा परेका विद्यालयमा अनुसन्धानकर्ता प्रत्यक्ष उपस्थित भएर अनुसूचीमा तय गरिए अनुसारका प्रश्नावलीहरु भराई गरिएको अध्ययन अनुसन्धान अनुसार निम्नानुसार जानकारी प्राप्त भएको थियो ।

**विद्यालयमा विद्यार्थीहरुलाई बालक्लव सम्बन्धी तालिम**

छनोटमा परेका विद्यालयमा विद्यार्थीहरुलाई बालक्लवको बारेमा के कस्तो जानकारीहरु रहेको छ भन्ने तथ्य प्राप्त गर्नका लागि विद्यालयका शिक्षक नायक तथा विद्यार्थी प्रतिनिधिहरुसँग गरिएको छलफल तथा अन्तरवार्ता अनुसार भरतपुर उप महानगरपालिकाका वडाहरुमा वडा स्तरको बालक्लव समितिले विभिन्न टोल विकास संस्थाले बनाएका बालक्लवले समय समयमा बालक्लव सम्बन्धी विभिन्न गोष्ठि भेला तथा अन्तरक्रियात्मक कार्यक्रमहरु सञ्चालन गरेको पाइयो । शिक्षक नायक तथा बालक्लवका विद्यार्थीहरुलाई समाजमा रहेर के कस्ता कार्यहरु गर्नु पर्दछ ? समाजमा कसरी मिलेर एक आपसमा सहयोगको आदान प्रदान गर्नु पर्दछ भन्ने जस्ता

कुराहरुमा प्रशिक्षण दिने गरेको पाइयो । यसको अलवा समाज विकासको गतिलाई अझ भव्य र सभ्य तरिकाबाट गर्नका लागि शिक्षक तथा विद्यार्थीको भूमिका के कस्तो रहनु पर्दछ भन्ने बिषयमा पनि कार्यशाला गोष्ठि तथा अन्तरक्रिया हुने गरेको पाइयो । वडा स्तरीय बालक्लवले विद्यालय भित्र विभिन्न विषयमा वक्तृत्व कला गराई उक्त कार्यक्रमलाई प्रशिक्षण जस्तो गराई बालक्लवका विद्यार्थीलाई सामाजिक विकासमा लाग्नको लागि उत्प्रेरित गर्ने तर्फ पनि जोड दिएको पाइयो ।

**सामाजिक सचेतना र वातावरणीय सुधार सम्बन्धी कार्यक्रमहरु**

छनोटमा परेका विद्यालयहरुमध्ये श्री नयाँकिरण मा.वि. भोजाडले विद्यार्थीलाई भेला गराई बालक्लवको परिचय र महत्व, कार्य र गठन सम्बन्धी प्रक्रिया सम्बन्धी अभिमुखीकरण कार्यक्रम कक्षा ४ देखि कक्षा १० सम्मका विद्यार्थीलाई दिई सामाजिक सचेतना सम्बन्धी प्रशिक्षण कार्यक्रम गरेको पाइयो । विद्यालय र समुदायमा सरसफाई सम्बन्धी गतिविधि जस्तै फोटो संकलन, नाटक र्‍याली हत धुने कार्यक्रम, प्रदर्शन, चर्पी निर्मािणमा सहयोग सम्बन्धी कार्यहरु गरी वातावरणीय सुधारमा सहयोग गरेको पाइयो । विद्यालयको वरिपरी बाटोमा स साना काठ, गाडी बोरा भुण्डाएर फोहर प्लाष्टिक मलाई भन्ने लेखिएको, प्लाष्टिकका बाल्टिनहरु टोल विकास संस्थासँग सहकार्य गरी बाटाका चोक चोकमा राखिएको पनि अध्ययन अनुसन्धानबाट जानकारी प्राप्त भएको थियो । उक्त विद्यालयमा विद्यालय हाता भित्र फूलवारी निर्माण, शौचालयको सरसफाई कक्षाकोठा सरसफाई लगायत चेलीबेटी बेचविखन विरुद्धका जनचेतना मूलक वक्तृत्वकला कार्यक्रम विद्यालय बाहिर बाल हिंसा, घरेलु बाल कामदार निराकरणका लागि प्ले कार्ड सहितका र्‍याली सञ्चालन गरेको पाइयो । श्री नवजागृती रा.प्रा.वि.मा गठन गरिएको जुनकिरी बालक्लवले विद्यालय हाताभित्र वृक्षरोपण, सरसफाई परिवार तथा टोल छिमेकमा सरसफाई साथै वातावरण सम्बन्धी सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरेको पाइयो ।

विद्यालय वरिपरी "प्लाष्टिक मुक्त क्षेत्र घोषणा गरौँ" भन्ने नारा लेखिएका पोष्टरहरु टाँसी प्लाष्टिक र प्लाष्टिकजन्य पदार्थको सेवनलाई निरुत्साही गर्ने कार्यक्रमहरु सञ्चालन गरेको पाइयो । श्री लक्ष्मी उ.मा.वि. मा बालक्लवद्वारा विद्यालयको सरसफाइमा सबै कक्षाका

विद्यार्थीलाई वार्षिक कार्यक्रम अनुसार तोकिएको शुक्रबार विद्यालय हाता सरसफाई अन्तर्गत प्रत्येक कक्षाका भित्ता, भुई, विद्यालय अगाडिको चउर, फूलवारी आदिको सरसफाई गर्ने गरेको पाइयो । छनोटमा परेका अन्य विद्यालयका बाल क्वलहरुले विभिन्न समयमा जस्तै बाल दिवस, शिक्षा दिवस तथा अन्य पर्वहरुमा सामाजिक विकृति, घरेलु हिंसा विरुद्ध प्लेकार्ड लिई विद्यालयको सेवा क्षेत्र भित्र घुम्मे विद्यालयमा हात धुने कार्यक्रमक राखी विद्यार्थीहरुलाई चर्पी प्रयोग पछि खाना खानु अघि खाजा खानु अघि साबुन पानीले हात धुनुपर्ने जस्ता स्वास्थ्य बर्द्धक सचेतना सम्बन्धी कार्यक्रमकहरु राखेको पाइयो ।

**विभिन्न रोगी तथा दुर्घटना परेकाहरुलाई सहयोग**

छनोटमा परेका विद्यालयहरुका बाल क्वलका विद्यार्थीले विभिन्न प्रकारका रोगीहरुलाई आर्थिक सहयोग गरी ज्यान बचाएका, दुर्घटनामा परी उपचार गराउन नसकेका अशक्तहरुलाई चन्दा उठाएर सहयोग गरेको, अनुसन्धानको क्रममाा जानकारी प्राप्त भएको थियो । श्री नयाँ किरण मा.वि. भोजाडको बालक्लवका विद्यार्थीहरुले दिनको २५ पैसा जम्मा गरेर एक जना कक्षा ७ मा अध्ययनरत रामबहादुर कुमाल रुखबाट लडेर खुट्टा तथा पिठ्युँ भाँचिएको अवस्थामा रु. १५००। औषधी उपचारको लागि सहयोग गरेको पाइयो । त्यस्तै यही २०७२ वैशाख १२ र २९ गतेको भूकम्पबाट क्षति भएका स्थानमा बालक्लव विद्यार्थीहरुले आर्थिक सहयोग जुटाई प्रधानमन्त्री राहत कोषमा जम्मा गरेको कुरा उक्त विद्यालयको विद्यालय प्रशासन मार्फत जानकारी प्राप्त भएको थियो ।

श्री नवजागृति रा.प्रा.वि.मा अध्ययनरत कक्षा ४ का विद्यार्थी सन्तोष वि.क.को पायल्सको कारण विरामी परेको हुनाले उक्त पायल्सको औषधीको लागि रु. ६५०। विद्यार्थीबाट उठाएर निज वि.क.को परिवारलाई दिइएको श्री नयाँकिरण मा.वि.मा रहेको बालक्लवको अध्यक्षद्वारा जानकारी प्राप्त भएको थियो । विद्यालय स्तरबाट थोरै रकम उठाएर विभिन्न प्रकारबाट पिडित परिवारहरुमा राहत प्रदान गरिएको, छिमेकमा भएका विभिन्न अनगन्ती दुर्घटनाहरुमा शिक्षक नायकको सक्रियतामा आर्थिक, जिन्सी एवम् भौतिक सहयोग पुऱ्याई विद्यार्थीहरुलाई सामाजिक विकासको भावनालाई प्रष्फुटन गराउन उल्लेख्य भूमिका निर्वाह गरेको तथ्यहरु छनोटमा परेका

श्री लक्ष्मी उ.मा.वि.का शिक्षक नायक श्री प्रकाशचन्द्र भट्टराईद्वारा व्यक्त गर्नु भएको थियो । त्यस्तै गरी अन्य विद्यालयहरु श्री हिमालय नि.मा.वि. श्री मा.वि. गौरीगञ्ज, श्री जखडीमाई रा.प्रा.वि. तथा श्री सिद्धि जनकल्याण रा.प्रा.वि.ले पनि विभिन्न रोगबाट ग्रसित विरामी तथा दुर्घटनामा परेका हरुलाई आर्थिक सहयोग गर्नुका साथै पिडित स्थलमा विद्यार्थी प्रतिनिधि तथा शिक्षक नायकहरुले उल्लेख्य सहयोग पुऱ्याएको तथ्य अध्ययन स्थलका विद्यार्थी शिक्षक नायक तथा प्र.अ.सँगको छलफल एवम् अनुसन्धानबाट जानकारी प्राप्त भएको थियो ।

**विद्यालयमा वृक्षारोपण, बाल बगैंचा निर्माण तथा सरसफाई**

विद्यालय एक सामाजिक संस्था भएकाले यहाँ विभिन्न जातजाति, भाषा भाषिका विद्यार्थीहरु अध्यन गर्न आउँछन् । विभिन्न रुचि आकांक्षा बोकेर आएका विद्यार्थीहरु वातावरण सरसफाई अन्तर्गत विद्यालय हाताभित्र वृक्षारोपण गर्ने बाल बगैंचा बनाउने, घर घरबाट मल ल्याएर विरुवाहरु रोप्ने, पानी हाल्ले गोडमेल गर्ने र एक महिना पछि कसको बाल वगैंचा राम्रोसँग सप्रियो त्यसलाई पुरस्कार दिने गरेको अध्ययन अनुसन्धानबाट जानकारी पाइयो । विद्यालय देखि चारैतिर ५० मिटरसम्म बाटामा वृक्षारोपण गरी त्यस वृक्षारोपणको संरक्षण गर्न सम्बन्धित टोल विकास संस्थालाई जिम्मा दिएको नयाँ किरण टोल विकास संस्थाका अध्यक्ष श्री रुकमागत पाण्डेद्वारा जानकारी प्राप्त भएको थियो । प्रत्येक महिनाको पहिलो शनिबार बालक्लव र विद्यालय रहेको टोलको टोल विकास संस्थाको सहकार्यमा उक्त टोलको बाटोमा छेउछेउमा रहेका फोहर, प्लाष्टिकका झोलाहरु चाउचाउ तथा अन्य प्लाष्टिक जन्य खाद्य पदार्थका खोलहरु जम्मा पार्ने कार्य श्री नयाँकिरण मा.वि. भोजाड, श्री हिमालय नि.मा.वि. जागृतिटोलको स्थलगत अध्ययन तथा पोखरिटोल टोलविकास संस्थाका अध्यक्ष श्री चन्द्रकुमारी खड्काद्वारा जानकारी प्राप्त भएको थियो । छनोटमा परेको विद्यालय श्री नयाँकिरण मा.वि.मा बालक्लवले त्रैमासिक रुपमा प्रत्येक कक्षा (कक्षा ४-१०)मा पानी हाली सबै कक्षाका भित्ताहरु, बेन्चहरु सफा गरी तहगत रुपमा सफाई प्रतियोगिता गराई प्रथम, द्वितीय तथा तृतीयलाई पुरस्कार तथा प्रमाणपत्र वितरण गरिएको उक्त विद्यालयका शिक्षक नायक श्री भवानीप्रसाद शर्माद्वारा जानकारी प्राप्त भएको थियो । अतिरिक्त क्रियाकलापको माध्यमबाट सरसफाई सप्ताह, सरसफाई सम्बन्धी वक्तृत्वकला, नाटक, चित्रकला प्रतियोगिता सञ्चालन गरी पुरस्कृत

गरिएको साथै विद्यालयमा सरसफाई समितिले बालक्लवलाई विद्यालय सरसफाई अभियानमा सहयोग पुऱ्याएको श्री मा.वि. गौरीगञ्जका प्र.अ. श्री तेजनाथ शर्माबाट स्थलगत अध्ययनको क्रममा जानकारी प्राप्त भएको थियो ।

**विद्यालयमा अनुशासन कायम गर्न सहयोग**

अनुशासन जीवनको अभिन्न अंग हो । हरेक समयमा प्रत्येक क्षेत्रमा अनुशासन विना कुनै कार्य सफल नहुने भएकाले छनोटमा परेका सबै विद्यालयहरुमा बालक्लवले विद्यालयहरुमा अनुशासन कायम गर्न सहयोग पुऱ्याएको अध्ययन अनुसन्धानबाट जानकारी प्राप्त भएको थियो । श्री लक्ष्मी उ.मा.वि.मा बालक्लवको अध्ययनद्वारा विद्यार्थीहरुको विद्यालय पोशाकको अनुगमन, विद्यालय पोशाकमा नआउने विद्यार्थीहरुको नियमावली सहित विद्यालय प्रशासनमा जानकारी गराउने, विद्यालयमा बालक्लवले विभिन्न पोष्टरहरु लेखि अनुशासन कायम गरौं, शैक्षिक प्रगति तर्फ उन्मुख होऔं जस्ता पोष्टरहरु विद्यालयका बाहिर भित्तामा, विद्यालयको गेटमा टाँसिएको स्थलगत अध्ययनका क्रममा जानकारी प्राप्त भएको थियो ।

त्यस्तै श्री नयाँ किरण मा.वि. भोजाडको बालक्लवद्वारा विद्यार्थीहरुलाई अनुशासित बनौं एक विद्यार्थी एक फोहर कागज लेखेर विद्यालयका विभिन्न स्थानमा लेखिएका साथै बेलुका ४ बजे छुट्टी भए पछि गेटमा राखिएको फोहर जम्मा गर्ने, ड्रममा एउटा विद्यार्थीले एउटा फालेको कागज वा अन्य फोहर प्लाष्टिक उक्त ड्रममा राख्नु पर्ने नियम बनाएर कक्षा १ देखि कक्षा १० सम्मका विद्यार्थीलाई सरसफाइमा अनुशासित बनाएको स्थलगत अध्ययनबाट जानकारी प्राप्त भएको थियो । विद्यालयबाट घर जाँदा र घरबाट विद्यालय आउँदा बाटोमा बायाँतर्फबाट हिड्नु पर्ने साथै बाटो काट्दा ध्यान दिनुपर्ने कुराको जानकारीका लागि श्री आदिकवि भानुभक्त उ.मा.वि. नारायणगढमा रहेको बालक्लवले एक दिने प्रशिक्षण कार्यक्रम सञ्चालन गरेको विद्यालयका स.प्र.अ. श्री टिकाराम सापकोटाबाट जानकारी प्राप्त भएको थियो । विद्यालयमा भएका पानीका धाराहरु, शौचालय प्रयोग आदिको बारेमा अनुशासित पूर्वक प्रयोग गर्नुपर्ने कुराको जानकारी दिनको लागि श्री जखडीमाई रा.प्रा.वि.मा रहेको बालक्लवद्वारा विद्यार्थीहरुलाई

शुक्रबार २ बजेपछि १ घण्टा प्रशिक्षण रुपी कार्यक्रम सञ्चालन गरिएको शिक्षक नायक श्री लक्ष्मी पराजुलीद्वारा जानकारी प्राप्त भएको थियो ।

## ४.२ विद्यालयमा बालक्लवको भूमिकालाई सरोकारवालाले हेर्ने दृष्टिकोण

स्थलगत अध्ययन अनुसन्धानका क्रममा छनोटमा परेका विद्यालयहरु श्री आदिकवि भानुभक्त उ.मा.वि नारायणगढ, श्री नयाँ किरण मा.वि. भोजाड, श्री मा.वि. गौरिगञ्ज, श्री लक्ष्मी उ.मा.वि. लंकू, श्री हिमालय नि.मा.वि. जागृतिचोक, श्री सिद्धिजनकल्याण रा.प्रा.वि. गणेशस्थान, श्री जखडिमाई रा.प्रा.वि. बसेनी र श्री नवजागृति रा.प्रा.वि. नौरंगेमा रहेको बालक्लव र त्यसले गरेका सामाजिक कार्यकलापहरुलाई समेटेर त्यसले बालबालिकाको सामाजिक विकासमा पारेको सामाजिक भावना एवम् बाल बालिकाको सामाजिक विकासमा सम्बन्धित सरोकारवलाको दृष्टिकोण के कस्तो रहेको छ भन्ने बारेमा अध्ययन अनुसन्धान गरिएको थियो ।

जसबाट प्राप्त तथ्य अनुसार छनोटमा परेका सबै विद्यालयहरुमध्ये प्रा.वि. हरुमा धेरैजसो सबै कक्षाबाट नि.मा.वि.मा कक्षा ४ देखि ८ सम्म र  मा.वि. तथा उ.मा.वि.मा कक्षा ४ देखि १० सम्मका विद्यार्थीलाई बालक्लवका समावेश गराई अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र सदस्यहरु बनाई समिति गठन गर्ने गरेको पाइयो । बालक्लवको समिति गठन सर्वसम्मति प्रक्रियाबाट गठन भएको सम्बन्धित विद्यालयका प्र.अ. तथा शिक्षक नायकहरुबाट जानकारी प्राप्त भएको थियो ।

छनोटमा परेका विद्यालयहरुमा अनुसन्धानकर्ताको प्रत्यक्ष उपस्थितिमा बालक्लवले गरेका सामाजिक कार्यकलापहरुले के कस्तो प्रभाव पारेको भन्ने बारेमा तथ्य पत्तालगाउन तथा सम्बन्धित पक्षको दृष्टिकोण प्राप्त गर्नका लागि प्र.अ., शिक्षक नायक, विद्यार्थी, अभिभावक, वि.व्य.स.का अध्यक्षलाई गरिएको विभन्नि प्रश्नावली तथा अन्तरवार्ता अनुसार बालक्लवबाट गरिएका कामहरुले विद्यार्थीलाई समूहमा मिलेर काम कसरी गर्ने ? एकले अर्कालाई कसरी सहयोग गर्न सकिन्छ ? समाजमा विभिन्न प्रकारका दुःख र समस्याहरुमा के कसरी सहयोग

पुऱ्याउन सकिन्छ भन्ने जस्ता कार्यकलापहरुमा पूर्ण रुपले सहयोग पुऱ्याएको जानकारी प्राप्त भएको थियो ।

छनोटमा परेका विद्यालयहरुको अध्ययन तथा अनुसन्धान कै क्रममा सामाजिक कार्यकलापहरुले गर्दा विद्यालय तहमा अध्यापन गर्ने साना साना नानीबाबुहरुमा पनि आफू भन्दा ठूला दाई दिदीहरुले गरेका कार्यहरुको देखासिकी गर्ने बानी बसेको, आफ्ना विद्यालय वरिपरी, कक्षा कोठाहरु आफै सफा गर्नु पर्दछ भन्ने भावना जागृत भएको, एक अर्कामा हरेक कार्यहरु बाँडेर गर्ने र एक अर्कालाई सहयोग गर्ने जस्ता सामाजिक भावनाहरुको विकास हुँदै गएको अध्यापन अनुसन्धानको क्रममा जानकारी प्राप्त भएको थियो । यसरी विद्यालयमा बालक्लवको विस्तार हुँदा विद्यार्थीको सामाजिक भावनाको विकास हुन सक्छ भन्ने जस्ता धारणा एवम् दृष्टिकोणहरु छनोटमा परेका विद्यालयका सम्बन्धित पक्षबाट जानकारी प्राप्त भएको थियो ।

आफ्ना बाबु नानीहरुको कार्यकलाप प्रति अभिभावकहरुको धारणा तथा बालक्लव प्रति उनीहरुको चासो के कस्तो छ ? भन्ने तथ्य पत्ता लगाउनका लागि चलाइएको छलफलमा उनीहरुले बालक्लवको सहयोगबाट घर घरमा समेत विभिन्न कार्यहरुमा आफ्ना बाबुआमाहरुलाई सहयोग गरी सामाजिक सेवा तथा भावना घर भित्र र बाहिर हुने स्थानमा कार्यान्वयनमा ल्ययाउने गरेको पायो । आफ्नो घर टोल, छिमेक, सरसफाई राख्ने, गाउँमा भएका दुःखी असहायहरुलाई सहयोग गर्नुपर्दछ भन्ने भावनाको जागृत भएको कुराहरु समेत अभिभावकहरुबाट जानकारी प्राप्त भएको थियो ।

लेभ भिगोत्सीको सामाजिक व्यवहारको सिद्धान्तलाई आधार मानेर तयार गरिएको प्रस्तुत शोधपत्रमा पनि सम्बन्धित सरोकारवालाको भनाइ अनुसार प्रस्तुत सिद्धान्तको खाकासँग मेल खाएको पाइन्छ । बालक्लवलाई उचित संरक्षण गर्न सकेका खण्डमा साना बाबुनानीहरुमा मनोवल बढ्न गई उनीहरुले सामाजिक क्रियाकलाप गर्न सक्ने तथ्य अध्ययनका क्रममा जानकारी प्राप्त भएको छ ।

### ४.३ विद्यार्थीको सामाजिक विकासमा बालक्लवहरुमा देखिएका कमिकमजोरीहरु

विद्यार्थीहरुको पहिलो सिक्ने स्थान घर परिवार हो । घर परिवार पछि सिक्ने स्थान विद्यालय हो। विद्यालय भित्र हरेक कुराहरु सिकाउने शिक्षकहरु नै हुने । शिक्षकहरुले विद्यार्थीलाई राम्रो वातावरणमा सिक्ने र सिकाउने कार्यहरु कहिले समूहमा, कहिले एक्ला एक्लै गरी सिकाउँछन् । विद्यालयमा विद्यार्थीमा विद्यार्थीहरुलाई समूहमा के कसरी काम गर्ने र मिलेर बस्ने जस्ता सिपहरु सिकाएर सामाजिक विकास गराउन सकेको खण्डमा भोलिका दिनहरु तिनीहरु समाजको एक नमूनाको रुपमा काम गर्न सक्छन् । विद्यार्थीहरुको हरेक क्षेत्रमा गुरुले आदर्श अगुवाको भूमिका खेल्न आवश्यक हुन्छ । त्यसैकारणले गर्दा विद्यालयमा सामाजिक संस्थको रुपमा विकास गर्दा उनीहरुको व्यवहारमा समेत परिवर्तन ल्याउनु आवश्यक रहन्छ । यस्तै उद्देश्यहरुलाई दृष्टिगत गरी विद्यार्थीहरुलाई सामाजिक विकासमा सरीक गराउनु र सामाजिक भावनाको भूमिका निर्वाह गर्ने उद्देश्यका साथ हरेक विद्यालयमा बालक्लवको गठन गरिएको हुन्छ । उद्देश्य अनुसार विद्यार्थीहरुलाई सामाजिक कार्यमा संलग्न गराउँदा गराउँदै पनि सामाजिक विकासमा समस्याहरु आइपर्दछन् । ती समस्याहरु विभिन्न तह र क्षेत्रका व्यक्तित्वहरुबाट निम्नानुसार प्रतित्रियामा व्यक्त गरिएको पाइन्छ :

#### ४.३.१ विद्यालय व्यवस्थापन समितिको अध्यक्षको प्रतिक्रिया

विद्यालयलाई व्यवस्थित र सुचारु रुपले सञ्चालन गर्नको लागि विद्यालय व्यवस्थापन समितिको भूमिका अग्रणी रुपमा रहेको हुन्छ । विद्यार्थीहरुको सामाजिक विकासमा बालक्लवको भूमिका नामको शीर्षक चयन गरी गरिएको यो अध्ययन अनुसन्धानमा अन्तरवार्ता (अनुसूची २-७ मा समावेश) तथा सर्भेक्षणको आधारमा प्राप्त तथ्य अनुसार विद्यालयमा बालक्लव सञ्चालन गर्नका लागि बालक्लवको माथिल्लो निकायबाट गरिने आर्थिक सहयोगको अवस्था अत्यन्तै न्यून रहेको हुँदा भनेजस्तो तरिकासँग प्रभवाकारी भूमिका निर्वाह गर्न गाह्रो भएको जसले गर्दा विद्यार्थहरुलाई बालक्लव तर्फ आकर्षित गर्न नसकिएको साथै विद्यालय व्यवस्थापन समितिबाट समय समयमा बालक्लव सम्बन्धी जनचेतनामूलक एवम् विभिन्न तालिम, गोष्ठि, सेमिनार चलाउन खासै चासो नजनाएको कुरा पनि अध्ययन अनुसन्धानका क्रममा जानकारी प्राप्त भएको थियो ।

विद्यालय व्यवस्थापन समितिसँग गरिएको अन्तरवार्ता प्रश्नावली  अनुसार विद्यालयमा विशेष गरेर विद्यार्थीहरुलाई शिक्षा आर्जन गराउने कुरामा मात्र पहल गरिने र अन्य विषयहरुमा खासै ध्यान नदिएको विद्यालय व्यवस्थापन समितिका अध्यक्षबाट जानकारी प्राप्त भएको थियो । विद्यालयमा गरिने सम्पूर्ण कामको जिम्मा शिक्षक तथा प्र.अ. को हो भन्ने भावना विद्यालय व्यवस्थापन समितिमा पर्न गएको हुँदा साथै विद्यालय व्यवस्थापन समिति विद्यालयले बोलाएको खण्डमा मात्र जाने हुनाले विद्यालयमा के कस्ता सामाजिक संस्थाहरु छने, विद्यार्थीहरुलाई के कसरी सामाजिक विकास गराउने भन्ने दायित्व पनि शिक्षकहरुको नै हो भन्ने जस्ता उत्तरहरु अनुसन्धानका क्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्षबाट प्राप्त भएको थियो । विद्यालय व्यवस्थापन समितिले बालक्लवका कार्यहरुलाई अघि बढाउन बैठक राख्ने, विभिन्न सामाजिक कार्यहरु गर्नका लागि समुदायका मानिसहहरुलाई आवह्वान गर्ने तर समुदायका मानिसहरुलाई नै बालक्लवका कार्यक्रममा जुटाउन गाह्रो भएको तालिम तथा गोष्ठिहरुमा सबै जनालाई उपस्थ्ति गराउन नसकेको साथै आर्थिक समस्या भएको कारणबाट कार्यक्रम सञ्चालन गर्न कठिन भएको भन्ने जस्ता उत्तरहरु विद्यालय व्यवस्थापन समितिका अध्यक्षबाट जानकारी प्राप्त भएको थियो ।

अध्ययन अनुसन्धानका क्रममा विद्यालयमा रहेको बालक्लवले गरेका सामाजिक विकास सम्बन्धी कार्यक्रमको शोधपुछको लागि विद्यालयका प्र.अ.हरुलाई सोधिएको थियो । विद्यालय सञ्चालनका लागि प्रशासकको रुपमा एक मुख्य व्यक्तित्वको रुपमा प्र.अ.लाई लिइन्छ । बालक्लवले गर्दै आएका सामाजिक कार्यकलापहरुलाई अगाडि बढाउन र विद्यार्थीहरुको सामाजिक भावनालाई प्रभावकारी भूमिका निर्वाह गर्नका लागि प्र.अ. को विशेष भूमिका रहेता पनि अभिभावक तथा समुदायबाट सहयोग नपाउनु, विद्यालयमा बजेटको कमी हुनु, बालक्लव सम्बन्धी जनचेतनाको कमी हुनु, आदि कारणहरुले गर्दा बालक्लवका कार्यक्रमलाई अगाडि बढाउन नसकिएको पाइयो । विद्यालयमा बालक्लव सम्बन्धी बैठक, सहभागीतामूलक कार्यक्रमहरु राख्दा पनि समुदायका मानिसहरुलाई कार्यक्रममा सहभागी गराउन गाह्रो भएको तालिम तथा गोष्ठिमा सबैजनालाई उपस्थित गराउन नसकिएको, उपस्थित भइहाले पनि निर्धारित समयसम्म

नबसिदिने, सामाजिक भावना भएका अभिभावकहरु कम भएको, आर्थिक समस्याको कारण विद्यालयमा कार्यक्रम चलाउँने उपयुक्त स्थान, कोठा, सभाहल नभएको कारणले पनि बालक्लव लगायत अन्य सामाजिक संस्थाका कार्यक्रमहरुलाई प्रभावकारी ढंगबाट अगाडि बढाउन नसकिएको प्रतिक्रयाहरु प्र.अ.बाट प्राप्त भएको थियो ।

विद्यालयका बालबालिकाहरुको शारीरिक तथा मानसिक विकासको सहयोगको लागि शिक्षकहरुको अहम भूमिका रहेको हुन्छ । शिक्षक विद्यालयको लागि विद्यार्थीहरुको लागि, अभिभावकहरुको लागि परिवर्तनको संवाहक पनि हो । आफू जलेर भए पनि अरुलाई उज्यालो दिने बत्ति भनेको नै शिक्षक हो । विद्यार्थी र समाजको सम्बन्ध विस्तार गर्नु शिक्षकको दायित्व भित्र पर्दछ । विद्यालयमा रहेको बालक्लवलाई चलायमान बनाई सामाजिक कार्यहरुमा अग्रसर बनाउनु र विशेष भूमिकाको जिम्मेवारी शिक्षकमा निहित रहेको हुन्छ । विद्यालय प्रशासन र शिक्षकहरुको बिचको सम्बन्धलाई सुमधुर बनाउन साथै बालक्लव, विद्यालय प्रशासन, शिक्षक परिवार बिचको सम्बन्धको कारण बालक्लवले विभिन्न सामाजिक कार्यकलापहरु सञ्चालन गर्न सहज हुन्छ । अध्ययन अनुसन्धानको क्रममा छनोटमा परेका विद्यालयका बालक्लवहरुका शिक्षक नायकसँग गरिएको अन्तरवार्ता तथा प्रश्नावली अनुसार विद्यालयमा रहेको बालक्लवका सामाजिक कार्यहरुलाई कसरी प्रभावकारी बनाउँदै लैजाने भन्ने प्रमुख जिम्मेवारी शिक्षक नायकमा निहित रहेको पाइयो । विद्यालय प्रशासनबाट खासै सहयोग नभएको पाइयो । विद्यार्थीहरुलाई क्रियाशील बनाउन गाह्रो पर्ने, समुदायबाट वास्ता नगर्ने, शिक्षक विद्यार्थी बिचको सम्बन्ध तथा विद्यार्थी विद्यार्थी बिचको सम्बन्ध राम्रो नहुनु, विभिन्न प्रकारका सामाजिक संरचनाले गर्दा विद्यार्थीको बिचमा प्रेम, सद्भाव आदिको खाँचो देखिनु, कार्ययोजना अनुसार कार्यक्रम सञ्चलन गर्न गाह्रे भएको पाइये । विद्यालयाम रहेको बालक्लवले विद्यार्थीहरुको सामाजिक कार्यकलापमा सकरात्मक प्रभाव पारेको भएतापनि शिक्षक नायकले आफ्नो व्यक्तिगत समस्या देखाएर अरु शिक्षक सरह कार्य गर्न खोजेर प्र.अ.सँगको सम्बन्ध सुमधुर हुन नसकेका कारणले बालक्लवले चाहे जसरी कार्य गर्न नसकी विद्यार्थीको सामाजिक भावनाको विकासमा प्रभावकारी भूमिका निर्वाह गर्न नसकेको पाइयो ।

लेभ भिगोत्स्कीको सामाजिक विकासको सिद्धान्तमा आधारित सैद्धान्तिक खाकाको रुपमा प्रयोग गरेर विद्यार्थीको सामाजिक विकासमा बालक्लवको भूमिका नामक शीर्षकमा गरिएको प्रस्तुत शोधपत्रमा विद्यार्थीहरुलाई गुणस्तर शिक्षा प्राप्त गर्न विद्यालयको विभिन्न सुविधाहरुले महत्वपूर्ण स्थापन पाउँछ । विद्यार्थीहरुलाई विभिन्न प्रकारबाट घोकाउने, अतिरिक्त अध्यापन गराउने मात्र नभई अन्य सामाजिक कार्यकलापमा पनि ध्यानाकर्षण गराउनु पर्दछ । विद्यार्थीहरुको सामाजिक विकासमा बालक्लवले महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्दछ । विद्यार्थीहरुको सामाजिक विकास प्रतिको चाहनालाई अझ विकसित गर्दै लैजानको लागि बालक्लव लगायतका सामाजिक संघसंस्थाहरुले विभिन्न तालिम, गोष्ठिहरु सञ्चालन गर्न खोजे पनि विद्यालयको आर्थिक अवस्था कमजोर भएका कारणले गर्दा कतिपय कार्यहरु सञ्चालन गर्न कठिन भएको, कार्यक्रम सञ्चालन भए पनि अशिक्षाको कारणबाट प्रभावकारी भूमिका खेल्न नसकेको पाइयो । छनोटमा परेका विद्यालयहरुको अधिकांश विद्यार्थीहरुलाई हेर्दा जातिगत, लैंगिक विभेद जस्ता कुराहरुले साथी साथीहरु बिच राम्रो सम्बन्ध नभएको व्यक्तिगत मनमुटावको कारणले पनि बालक्लवले सञ्चालन गरेका कार्यत्रमहरुमा सहभागिता कम हुने गरेको भन्ने जस्ता उत्तरहरु अध्ययनका क्रममा जानकारी प्राप्त भएको थियो । बालक्लव सम्बन्धी ज्ञान र यसले गर्ने सामाजिक कार्यक्रमहरुको बारेमा सोधिएका प्रश्नवाली अनुसार विद्यालयका शिक्षकहरु पनि त्यति सक्रिय नभएका र विद्यार्थी शिक्षक बिचको व्यवहार पनि समान नभएकोले बालक्लवले गर्न खोजेका सामाजिक कार्यकलापहरुमा सरिक हुन नसकेको विद्यार्थीहरुले बताएका थिए ।

हरेक अभिभावकहरु आफ्ना बाबुनानीको शैक्षिक प्रगतिको लागि र विद्यालयमा  गरेका अन्य क्रियाकलापहरुका लागि उत्तीकै चासो तथा ध्यान दिएका हुन्छन् । विद्यार्थीहरु विद्यालयमा रहने समय भन्दा घरमा रहने समय ज्यादै धेरै हुने भए पनि विद्यालयमा आफ्ना बाबुनानीहरुको बारेमा जानकारी लिइरहन्छन् । विद्यालयका शिक्षकहरु सधैं पढाउने कार्य गर्ने, अतिरिक्त कार्यकलापहरुमा ध्यान नदिने, पाठ सक्न मात्रै खोज्ने, बौद्धिक कार्यकलाप तर्फ वास्ता नगर्ने, विद्यालयले अन्य बौद्धिका कार्यकलाप तर्फ खर्च नगरिदिने भएकाले विद्यालयमा बालक्लवको स्थापना भए पनि विद्यार्थीहरुलाई सामाजिक कार्यकलापतर्फ ध्यानाकर्षण गराउन आवश्यक भूमिका निर्वाह गर्न नसकेको पाइयो । अध्ययन अनुसन्धानका क्रममा अभिभावकहरुबाट प्राप्त

जानकारी अनुसार विद्यार्थीहरुले विभिन्न प्रकारका कार्यक्रमहरु आयोजना  गर्न लाग्दा तथा विभिन्न सामाजिक कार्यकलापहरु गर्न अग्रसर देखाउँदा पनि कतिपय विद्यालयका शिक्षक नायक, प्र.अ. तथा अन्य शिक्षकहरुले क्रियाशीलता देखाएको कारणले गर्दा उल्लेख्य भूमिका निर्वह गरी सामाजिक सेवा गर्न नसकेको पनि अभिभावकहरुबाट जानकारी प्राप्त भएको थियो ।

### ४.४ बालक्लवको भूमिकालाई प्रभावकारी बनाउने उपायहरु

बालक्लव विद्यार्थीहरुको समूहबाट गठित एउटा सामाजिक संस्था हो । जसले विद्यालय भित्र अनि विद्यालय बाहिर विभिन्नप्रकारका सामाजिक कार्यहरु निस्वार्थ भावनाका साथ सम्पन्न गर्न चाहन्छन् । थुप्रै प्रकारका समस्या तथा वातावरणले गर्दा बालक्लवले चाहेर पनि भने जस्ता तवरबाट विद्यार्थीको सामाजिक भावनाको विकासमा उल्लेखनीय भूमिका निर्वाह गर्न नसकेको स्थिति छनोटमा परेका विभिन्न विद्यालयको प्रत्यक्ष अनुसन्धानबाट जानकारी प्राप्त भएको थियो । त्यसैले बालक्लवले सामाजिक विकास सम्बन्धी कार्यहरु गर्दा देखिएको समस्या समाधानका उपयाहरु के के हुन सक्छन् , के कसरी अझ प्रभावकारी ढंगबाट विद्यार्थीको सामाजिक भावनाको विकासमा महत्वपूर्ण भूमिका निर्वाह गर्न  सकिन्छ भन्ने उद्देश्यका साथ छनोटमा परेको विद्यालयहरुका प्र.अ., शिक्षक नायक, विद्यार्थी, अभिभावकहरुसँग गरिएको अन्तरवार्ता  प्रश्नावली अनुसार प्राप्त तथ्यलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

विद्यालय व्यवस्थापन समितिले हरेक विद्यालयलाई सबल र विभिन्न क्षेत्रबाट सम्पन्न गर्न महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको हुन्छ । विद्यार्थीको सामाजिक विकासमा बालक्लवको भूमिका नामक शीर्षक चयन गरी अध्ययन अनुसन्धानका क्रममा विभिन्न प्रश्नावली छलफलमा सर्वप्रथम विद्यालय प्रशासन शिक्षक तथा विद्यार्थीहरु निश्चित कार्ययोजना बनाई अगाडि बढेको खण्डमा विभिन्न संघ संस्था, केन्द्रिय तहमा सहयोग जुटाउन सजिलो हुने जानकारी प्राप्त भएको थियो । विद्यालय देखि गाऊँ, नगर, जिल्ला हुँदै केन्द्रसम्म विभिन्न प्रकारका कार्यक्रमहरुको आयोजना गर्नका लागि सबैसँग सहयोग र हातेमालो गर्दै जानुपर्ने, विभिन्न तालिम, गोष्ठि छलफल तथा जनचेतना मूलक कार्यक्रमहरु गर्दै गएको खण्डमा बालक्लवले विद्यार्थीको सामाजिक  विकासमा उल्लेख्य प्रगति गर्न सक्ने समेत अनुसन्धानको क्रममा

जानकारी प्राप्त भएको थियो । विद्यालयमा विद्यालय व्यवस्थापनप समितिबाट बालक्लवलाई अझ बढी दिगो र समयानुकूल बनाई तदारुकताका साथै लैजान आवश्यक पर्ने सामग्रीहरु विभिन्न संघ संस्था, टोलसुधार समितिहरुमा पहल गरिनुका साथै विद्यार्थी प्रतिनिधिहरुलाई तालिम, अभिमुखीकरण तालिम प्रदान गर्न समेत विद्यालय प्रशासनलाई सुझाव दिई विभिन्न उत्सव, पर्वको अवसर पारी आर्थिक संकलन गर्नुपर्ने कुराहरु बालक्लवमा देखिएका कमीकमजोरीहरुलाई निराकरणका उपायहरु अपनाउन उत्तम हुने तथ्य अनुसन्धानको क्रममा जानकारी प्राप्त भएको थियो ।

बालक्लवले विद्यार्थीको सामाजिक विकासमा आइपरेका समस्याहरुलाई समाधानको सम्बन्धमा छनोटमा परेका विद्यालयहरुको व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक, विद्यार्थीहरुमा गरिएको प्रश्नावली अनुसार बालक्लवमा देखा परेका समस्या समाधानका लागि विद्यार्थी, शिक्षक र विद्यालय प्रशासन बिच सुमधुर सम्बन्ध राख्ने प्रयास गरिएको पाइयो । विद्यार्थी तथा शिक्षकहरु बालक्लवले गर्ने सामाजिक कार्यकलापहरुको बारेमा विगतका दिनहरुमा विभिन्न तालिम गोष्ठि तथा विभिन्न प्रकारका कार्यशालाहरु सञ्चालन गरे झैं आगामी दिनहरुमा पनि कार्यशाला गोष्ठिहरु सञ्चालन गर्न विद्यार्थीहरुमा सामाजिक विकास सम्बन्धी भावनाको विकासमा जोड दिनुपर्ने, अध्ययन अनुसन्धानको क्रममा प्र.अ.बाट जानकारी प्राप्त भएको थियो ।

त्यसैगरी बाल क्वलको कार्यक्रम सामाजिक विकाससँग सम्बन्धित गराई सामाजिक भावना प्रति आकर्षित गर्नका लागि विद्यालय प्रशासनको तर्फबाट समय समयमा विद्यार्थी अभिभावक, शिक्ष्क तथा वि.व्य.स. समिति बिच छलफल भेला तथा अन्तरक्रिया गर्नुपर्ने समेत प्र.अ.हरुबाट जानकारी प्राप्त भएको थियो ।

शिक्षकको शैक्षिक क्रियाकलापको केन्द्रबिन्दु विद्यार्थी हो । विद्यार्थी किताब हो जसको पानापाना शिक्षकले पढ्नु पर्दछ । विद्यार्थीहरुको सफल भविष्यको मार्ग दर्शकको रुपमा शिक्षकलाई लिइने हुँदा बालक्लवले विद्यार्थीको सामाजिक विकासमा देखा परेका समस्याहरुको समाधानको लागि के कस्ता उपायहरु अपनाएका छने र भोलिका दिनहरुमा के कस्ता उपायहरु अपनाएको खण्डमा समस्यालाई न्यूनीकरण गर्न सकिन्छ भनी विद्यालयका शिक्षक नायकसँगग गरिएको

प्रश्नावली तथा छलफल अनुसार बालक्लवको माध्यमद्वारा विद्यार्थीको सामाजिक भावनाको विकास गारउनका लागि विद्यालय प्रशासन, शिक्षक, विद्यार्थी तथा अभिभावक भेला गर्ने गरेको पाइयो । बालक्लवको माध्यमद्वारा विद्यार्थीको सामाजिक भावनाको विकास गराउनका लागि विद्यालय प्रशासन शिक्षक, विद्यार्थी तथा अभिाभावक भेला गर्ने गरेको पाइयो । बालक्लवको माध्यमद्वारा विद्यार्थीको सामाजिक विकासलाई अफ्र माथि उठाउन विद्यालय प्रशासनबाट शिक्षक नायकलाई साप्ताहिक रुपमा पढाउने घण्टीमा १ घण्टी कम गरी उक्त कम गरिएको घण्टि अतिरिक्त क्रियाकलापमा सञ्चालन गरी विद्यार्थीलाई सक्रिय सहभागि गराउने गरिएको श्री नयाँकिरण मा.वि.का शिक्षक नायक श्री भुवानी प्रसाद शर्माबाट जानकारी प्राप्त भएको थियो । यस अवसरमा विभिन्न कार्यक्रम तथा छलफलको माध्यमबाट बालक्लवबाट गराउँदै आएका कार्यहरुमा शिक्षक नायक तथा विद्यार्थीहरुलाई सहभागी गराई बालक्लवमा देखिएका कमीकमजोरीहरुलाई क्रमिक रुपमा सुधारोन्मुख हुँदै जाने पनि अध्ययन अनुसन्धानबाट जानकारी प्राप्त भएको थियो ।

विद्यालयको भौतिक अवस्था राम्रो भएर मात्र यहाँको सबै शैक्षिक गतिविधिहरु राम्रै हुनसक्छ भन्न सकिन्न । विद्यार्थी विद्यालयको गहना भएकाले विद्यार्थीहरुले विद्यालयमा मिलेर समूह बनाएर विभिन्न कार्यहरु गरेको खण्डमा विद्यार्थीहरुको ासमाजिक भावना प्रति आकर्षित गर्न सकिन्छ ।

लेभ भिगोत्स्कीको सामाजिक विकासको सिद्धान्तलाई अध्ययनको सैद्धान्तिक खाकाको रुपमा प्रयोग गरेर विद्यार्थीको सामाजिक विकासमा बालक्लव नामक शीर्षक चयन गरिएको छ । छनोटमा परेका विद्यालयहरुमा रहेका बालक्लवका विद्यार्थीहरु सँगको छलफल तथा अन्तरक्रिया कार्यक्रम अनुसार विद्यार्थीको सामाजिक सेवा सम्बन्धी कार्यकलापहरु सञ्चालनको लागि विभिन्न तालिम तथा गोष्ठिहरु सञ्चालन गरी विद्यार्थीहरुलाई समूह समूह बनाई एक आपसमा मिलि कार्य गरेको खण्डमा विद्यार्थीको सामाजिक विकासमा बालक्लवले उल्लेखनीय भूमिका खेल्न सक्छ । विभिन्न जात जाति भाषा भाषी, लिंग, धर्मबाट आएका विद्यार्थीहरुमा लैंगीक विविधता, जातीय विविधता कम गर्ने एक आपसमा मित्र भाव प्रकट गर्दै विद्यार्थी प्रतिनिधिहरुले

आफ्ना साथीहरुलाई सम्झाउनुका साथै नमानेको खण्डमा शिक्षकहरुको सहयोग लिई सुधारका लागि भूमिका खेलेको एवम् बालक्लवका सामाजिक कार्यकलापहरुबाट प्रभावित गराई सबै विद्यार्थी साथीहरुलाई सहभागी गराउन सकिएको खण्डमा विद्यार्थीहरुको सामाजिक विकास हुने अध्ययन अनुसन्धानको क्रममा विद्यार्थीहरुबाट व्यक्त कुराहरु जानकारी प्राप्त भएको थियो ।

विद्यार्थीको पहिलो विद्यालय आफ्नै घर हो । विद्यालयमा थोरै समय व्यतित गर्ने विद्यार्थीहरुलाई सामाजिक धारणाको विकास गराउन आफ्ना बाबुनानीहरुलाई घरबाट नै विभिन्न सामाजिक कार्यकलापहरु सिकाएर विद्यालय पठाउनु पर्ने, घरबाटै अनुशासनका कुराहरु, व्यवहारिक ज्ञान जस्ता कुराहरु सिकाउनु पर्नेमा जोड दिनु पर्ने आफ्ना बाबुनानीहरुलाई समाजमा विभिन्न प्रकारका सामाजिक सेवाहरु गर्नको लागि सेवाको भावना जगाउन साथी साथीहरुमा मिलेर काम गर्ने बानीको विकास गराउनु पर्ने जस्ता विषयहरुमा अभिभावकहरुले विद्यालयमा गई विद्यालय प्रशासन शिक्षकहरुसँग सम्पर्क गरी छलफल गर्नु पर्ने, विद्यालयमा शिक्षकहरु तथा विद्यालय प्रशासन सधैं पढाइ मात्र गरेर पाठ सक्नमा बढी ध्यान केन्द्रित हुने जानकारी विद्यार्थीबाट जानकारी प्राप्त हुने अवस्थामा विद्यार्थीहरुको सामाजिक विकासमा उल्लेख्य भूमिका नरहने अध्ययन अनुसन्धानका क्रममा जानकारी प्राप्त भएको थियो । बालक्लवको माध्यमबाट विद्यार्थीको सामाजिक कार्यकलापमा चासो जगाउन साप्ताहिक रुपमा नभए १५।१५ दिनमा एक घण्टि सामाजिक कार्यकलापको बारेमा प्रत्येक कक्षामा अध्ययन गराउनु पर्ने, समाजमा रहेका प्रतिष्ठित व्यक्तिहरुको सहयोग लिई आर्थिक संकलन गरी विभिन्न सामाजिक संघ संस्थामार्फत तालिम गोष्ठि, सञ्चालन गर्नु पर्ने विद्यालयले विविध कायक्रमहरु सञ्चालन गरेर विद्यार्थीहरुको सामाजिक भवननामा वृद्धि विकास गराउनु पर्ने साथै विद्यालयको नियमित स्रोत नभई आर्थिक अस्था कमजोर भएको अवस्थामा सधैं अभिभावकहरुबाट आर्थिक सहायेग गर्न नसकेको जस्ता कुराहरुले बालक्लवले विद्यार्थीको सामाजिक विकास सम्बन्धी कार्य सञ्चालन गर्न अप्ठ्यारो भएकालाले बालक्लवलाई सार्थक बनाउन नसकेको श्री नयाँ किरण मा.वि. भोजाडका शि.अ.सं का अध्यक्ष श्री कृष्ण प्रसाद पौडेल भन्नु हुन्छ । विद्यार्थीहरुको सामाजिक भावनालाई प्रष्फुटित गराउन अभिभावकहरुको पनि उत्तिकै जिम्मेवार हुने भएकाले समय समयमा अभिभावकहरुको भेला गराई सामाजि कार्यकलापको बारेमा छलफल गराउन सकिएको खण्डमा बाल क्लवलाई

धेरै सहयोग मिल्न गई विद्यार्थीहरुको सामाजिक विकासमा टेवा पुग्न सक्दछ भन्ने कुरा अनुसन्धानका क्रममा अभिभावकहरुबाट जानकारी प्राप्त भएको थियो ।

# परिच्छेद पाँच

# निष्कर्ष र सुझावहरु

अध्ययन तथा अनुसन्धानका क्रममा तथ्यांकको प्राथमिक तथा द्वितीय स्रोतबाट प्राप्त तथ्यहरुलाई उद्देश्य अनुसार विश्लेषण गरिएको छ । जसबाट प्राप्त प्राप्तिका अधारमा निम्नलिखित उपशीर्षकहरुमा निष्कर्ष तथा सुझाव समेत प्रस्तुत गरिएको छ :

## ५.१ निष्कर्ष

अध्ययन तथा अनुसन्धानको क्रममा प्राप्त भएको तथ्यांकहरुलाई विस्तृत रुपमा अध्ययन गरी त्यसको व्याख्या एवम् विश्लेषण गर्नुका साथै प्राप्त तथ्यांकबाट अनुसन्धानकर्तालाई प्राप्त भएको जानकारीका आधारमा विभिन्न प्राप्ती समेत उल्लेख गरिएको छ भने छनोटमा परेका विद्यालयहरुको अध्ययन अवलोकन, विभिन्न सम्बन्धित व्यक्तिहरु सँगको छलफल र अन्तरक्रियाबाट गरिएको अनुसन्धानलाई निष्कर्षमा पुऱ्याउने उद्देश्यले अनुसन्धान स्थलबाट भएको प्राप्तिलाई निष्कर्षमा पुऱ्याउने उद्देश्यले अनुसन्धान स्थलबाट भएको प्राप्तिको आधारमा निम्नानुसार निष्कर्ष निकालिएको छ ।

विद्यार्थीहरुमा अतिरिक्त कार्यकलापको माध्यमबाट सामाजिक धारणाको विकास गराउने उद्देश्यले विद्यार्थीहरुमा बालक्लवको स्थापना गरिँदै आइएको छ । विद्यालय स्तरमा सबै किसमिका विद्यालयको तह अनुसार कक्षा ४ देखि कक्षा १० सम्मका बालबालिकाहरुलाई बालक्लवमा समावेश गराई विद्यालयमा प्रधानाध्यापकको संरक्षकत्व तथा शिक्षक नायकको सक्रियतामा विभिन्न सामाजिक कार्यकलापहरु गरिँदै आएको पाइन्छ । विद्यालयहरुमा बालक्लवलाई एउटा छुट्टै कोठाको व्यवस्था गर्न नसिकएता पनि विद्यालयको अफिस कोठामा छुट्टै दराजको व्यवस्था गरेर बालक्लवको लागि आवश्यक सामग्रीहरु व्यवस्थापन गरेको पाइयो ।

छनोटमा परेका विद्यालयहरुको अवलोकन र तथ्यांकका आधारमा हरेक विद्यालयमा स्थापित बालक्लवले विद्यार्थीको सामाजिक विकासमा उल्लेखनीय भूमिका निर्वाह गरेको देखिन्छ । यसरी

विद्यालयमा स्थापित बालक्लवको कमजोर आर्थिक अवस्थाको कारण, शिक्षक नायक शिक्षण कार्यमा व्यवस्तता हुनु पर्ने कारण विद्यालय प्रशासनको ध्यान आवश्यक मात्रामा नपर्नु तथा सम्बन्धित सरोकारवालाहरुको चासोमा कमी आउनु जस्ता कार्यहरुले गर्दा आवश्यक मात्रामा विद्यार्थीहरुलाई सामाजिक कार्यमा संलग्न गराउन नसकेको समस्या जल्दो बल्दो रुपमा देखा परेको छ । यसरी बालक्लवले विद्यार्थीलाई विभिन्न सामाजिक कार्यकलापहरुमा संलग्न गराउँदै आएको, खुला दिशा मुक्त क्षेत्र घोषणा गर्ने कार्यमा सहयोग गरेको, गाउँघरमा विभिन्न रोगबाट ग्रसित व्यक्तिहरुलाई सहयोग गरेको, गाउँघर सफासुग्घर गरी प्लाष्टिक मुक्त क्षेत्र घोषणा गर्ने कार्यमा सक्रिय भूमिका निर्वाह गरेको, विद्यालय शिक्षा भन्दा बाहिर रहेका बालबालिकाहरुलाई खोजी गरेको विद्यालय सरसफाइ, विद्यालय भित्र बगैचा बनाउने, विद्यार्थीहरुले विद्यालय पोशाक लगाएको वा नलगाएको भन्ने जस्ता कुराहरुमा विद्यालयलाई सहयोग गरेको जस्ता कार्यहरुमा बाल क्लवले उल्लेख्य भूमिका रहेको छ । सामाजिक विकासमा बाल क्लवले उल्लेखनीय भूमिका निर्वाह गर्न खोजि रहेको तथ्य समेत अध्ययनका क्रममा जानकारी प्राप्त भएको निष्कर्ष अध्ययनबाट प्राप्त भएको छ ।

बालक्लवप्रति विद्यार्थीको धारणा के कस्तो रहेको छ ? विद्यालयमा सञ्चालन गरिएका विभिन्न कार्यक्रमहरुमा के कस्ता समस्या देखा परेका छन् ? बालक्लवले गर्दै आएका कार्यक्रमहरुमा के कस्ता कमी कमजोरी रहेका छन् ? बालक्लवले गर्दै आएका कार्यको बारेमा के कसरी अनुगमन हुने गरेको छ ? विद्यालयमा बालक्लवले के कसरी कार्य गरिरहेको छ ? र ती कार्यहरुले विद्यार्थीमा साथै समाजमा के कस्तो प्रभाव पारेको छ भन्ने जस्ता कुराहरुलाई आधार बनाएर गरिएको अध्ययन अनुसन्धान अनुसार विद्यालयको कमजोर आर्थिक अवस्था, विद्यालय व्यवस्थापन समिति तथा अभिभावकहरुले बालक्लवको कार्यको बारेमा प्रचार प्रसारमा कमी हुनु, शिक्षक नायकलाई अध्यापन कार्यमा बढी लाग्नु पर्ने जस्ता समस्याले गर्दा विद्यार्थीको सामाजिक भावनाको विकासमा बालक्लवले उल्लेख्य भूमिका निर्वाह गर्न नसकेको देखिन्छ ।

बालक्लवको भूमिकालाई प्रभावकारी बनाउन विभिन्न संघसंस्थाहरुसँग मिलि तालिम तथा विभिन्न गोष्ठि छलफल एवम् जनचेतनामूलक कार्यक्रमहरु गर्दै आएको तथ्य समेत

अनुसन्धाानका क्रममा जानकारी प्राप्त भएको छ । आगामी दिनहरुमा बालक्लवको भूमिकालाई उल्लेख्य रुपमा स्थापित गर्नका लागि बालक्लवका शिक्षक नायक तथा बालक्लवका पदाधिकारीहरुलाई केन्द्र स्तरबाट तालिम एवम् गोष्ठि जस्ता कार्यक्रममा संलग्न गराएर बाल क्वलमा देखिएका कमी कमजोरी निराकरण गर्न सकिने देखिन्छ ।

अनुसन्धानबाट प्राप्त जानकारी अनुसार विद्यालय व्यवस्थापन समिति, शिक्ष्क, विद्यार्थी तथा प्र.अ. बिचको सुमधुर सम्बन्ध कायम गर्नुका साथै विद्यालयको आर्थिक अवस्थालाई सुधार गर्न सकेको खण्डमा बालक्लवमा देखिएका कमीकमजोरीहरमा कमी आई सामाजिक विकासमा थप सहयोग पुग्ने निष्कर्ष निकालिएको छ ।

### ५.२ सुझावहरु

अध्ययन अनुसन्धान पनि बालक्लवमा देखिएका सवल तथा कमी कमजोरीका पक्षहरुलाई निराकरण गर्नका लागि सम्बन्धित पक्षका लागि सुझाव समेत प्रस्तुत गर्नु आुसन्धानकर्ताको मुख्य दायित्व हुन जाने हुँदा अध्ययनबाट प्राप्त प्राप्ति तथा निष्कर्षका आधारमा नीति निर्माण तह कार्यान्वयन तह र अनुसन्धान तहका लागि छुट्टा छुट्टै सुझाव पेश गरिएको छ ।

#### ५.२.१ नीति निर्माण तह

बालबालिकाहरु भोलिका देश विकासमा मेरुदण्ड भएको हुँदा सानै उमेरबाट विभिन्न प्रकारका सामाजिक कार्यहरुका लागि सामाजिक भावनाको विकास भएको खण्डमा आउँदा दिनहरुमा एक कुशल एवम् सभ्य नागरिक बन्न सक्ने अवसर प्राप्त हुने हुँदा नीति निर्माण तहबाट विद्यार्थीको सामाजिक विकासका लागि दक्ष एवम् अनुभवी शिक्षक नायकलाई छनोट गर्न सकेका खण्डमा थप प्रभावकारी हुने देखिन्छ । विद्यार्थीहरुलाई सामाजिक विकासमा सरीक गराउनका लागि बाल क्वले समय समयमा विभिन्न तालिम, गोष्ठि तथा अन्तरक्रिया कार्यक्रमहरुको आयोजना गर्नुका साथै नयाँ सोच र परिपाटीबाट नीति निर्माण गरी त्यसको कार्यान्वयन गरिनु पर्दछ । विद्यार्थीहरुलाई नीति गत रुपमा साप्ताहिक रुपमबाट एक घण्टी भए पनि बालक्लवको बारेमा

जानकारी प्रदान गर्ने उद्देश्यले विद्यालयमा पिरियडभार छुट्याउन सकेका खण्डमा अझ प्रभावकारी हुने देखिन्छ ।

### ५.२.२ कार्यान्वयन तह

विद्यालयमा भएको बालक्लवमा सबै कक्षाबाट सदस्यहरुको छनोट गरेर बालक्लवको गठन गरेर विद्यार्थीको सामाजिक विकासका लागि प्रोत्साहन गर्नु पर्ने देखिन्छ । विद्यार्थीको ासमाजिक विकासका लागि बालक्लवमा के कस्ता समस्या तथा कमी कमजोरीहरु देखिएका छन् ? तिनीहरुलाई पहिचान गरी निराकरणका लागि उपायहरु थालिनु पर्दछ । विद्यार्थीको आर्थिक अवस्था, जातजाति, धर्म जस्ता विभेदपूर्ण कुराहरुमा कार्यान्वयन पक्ष सजग हुनु पर्दछ । शिक्षकनायकलाई बढीभन्दा बढी तालिम दिएर अनि दिइएका तालिमहरु कार्यान्वयनमा ल्याउने वातावरण सिर्जना गरी विद्यार्थीमा सामाजिक किासको अवसर प्रदान गर्नु आवश्यक देखिन्छ । मासिक रुपमा बालक्लवको बैठक पनि गर्नु पर्ने सामाजिक कार्यहरुको आयोजना बनाई निश्चित समय अवधि तोकि उक्त, समय भित्र कार्यहरु कार्यान्वयन गरी कार्यान्वयनमा ल्याउनु पर्ने देखिन्छ ।

### ४.२.३ अनुसन्धान तह

विभिन्नि प्रकारका सामाजिक संस्था मध्ये बालक्लव पनि एक सामाजिक संस्था हो । यसलाई सबैले सहयोग गर्नु आवश्यक छ भन्ने भावनाको विकास गराउनु अहिलेको अपरिहार्यता रहेको छ । बालक्लवको विकास तथा विद्यार्थीलाई अझ बढी लगनशीलका साथ सामाजिक कार्यकलापमा अगाडि बढाउनका लागि विभिन्न सरकारी, गैर सरकारी, सामाजिक संघ संस्था, राजनैतिक दल, अन्तर्राष्ट्रिय संघ संस्था, अभिभावक, सबै सँग समन्वय गरी छलफल एवम् अनुसन्धान गर्नु आवश्यक देखिन्छ । बाल बालिकाकाहरुको कलिलो मस्तिष्कलाई ासमाजिक सेवामा लगाउँदा आउने प्रतिफलले अन्य सामाजिक कार्यमूलक अनुसन्धानको विषय बन्न सक्ने देर्खिन्छ । साथै समय समयमा बालक्लवले गरेका सामाजिक कार्यकलापहरुको बारेमा निरीक्षण तथा अनुगमन गरी सही निष्कर्ष निकाल्न सकेको खण्डमा भोलिका दिनमा विद्यार्थीको सामाजिक भावना विकास गर्नका लागि बाल क्लवलको भूमिका अरु प्रभावकारी हुन सक्ने देखिन्छ ।

# सन्दर्भ सामग्री


अधिकारी माधव, (सन् २०१४) www.google.com.np.

आदर्श समाज पत्रिका (सन् २०१३) ।

आचार्य, सुरेश (सन् २०११, डिसेम्वर), *बालक्लवअहिलेको आवश्यकता,* काठमाडौं : कान्तिपुर दैनिक ।

आचार्य, प्रेमनारायण (२०६८), अर्घाखाँची टाइम्स ।

इन्द्रेणी राष्ट्रिय साप्ताहिक, *बालक्लव र यसका कार्यकलाप* (सन् २०१२ **October)**

कपन अनलाइन, *किन चाहियो बालक्लव ?* (सन् २०१२ September) **.**

खत्री गोबिन्दनाथ (सन् २०१५ **feburary) nayasurvey.com .**

खनाल पेशल (२०६७) *शैक्षिक अनुसन्धान पद्धति,* काठमाडौं : सनलाइट प्रकाशन ।

खतिवडा, चन्द्रिका (सन् २०१३), *संयुक्तराष्ट्र संघीय बालअधिकार सम्बन्धी महासन्धी,* काठमाडौं : बालमैत्री प्रकाशन ।

गौली, सुजाता (२०७१), *साझामञ्च ।*

जिल्ला बालकल्याण समिति (२०६९), *चितवनका बालबालिकाको अवस्था,* चितवन ।

तिमिल्सिना भूपेन्द्र (२०५८)Blast time**.**

पौडेल, तिलोत्मा, (सन् २०१४) May

प्रेमी, सुजन (सन् २०१४) December आजको खबर पत्रिका ।

मेचीकाली पत्रिका (सन् २०१४) April

रेग्मी, मुरारीप्रसाद (२०७०), *शैक्षिक मनोविज्ञान,* काठमाडौं : सनलाइट पब्लिकेशन ।

सम्वृद्ध समाज दैनिक (२०७१),*बालबालिकाका भावना र मर्महरु बुझ्न सक्नु नै महानता हो*।

शर्मा एण्ड शर्मा (२०६८), **शिक्षाका आधारहरु,** काठमाडौं : एम्. के. पब्लिसर्श ।

हुमगाइँ, प्रविण (२०६८), साझाकुरा, राष्ट्रिय दैनिक ।


**विद्यार्थीको सामाजिक विकासमा बालक्लव**

# अनुसूची १

## विद्यालय व्यवस्थापन समितिका अध्यक्षका लागि अन्तरवार्ता प्रश्नावली

नाम : विद्यालय :

टोल : अनुभव :

हस्ताक्षर :

१. तपाईंको विद्यालयमा रहेको बालक्लवको वर्तमान अवस्था कस्तो छ ?

............................................................................................................

२. बालक्लवमा रहेका विद्यार्थीहरुले के कस्ता कार्यहरु गर्ने गर्दछन् ?

............................................................................................................

३. बालक्लवले गर्ने कार्यहरु विद्यालय भन्दा बाहिर पनि गर्दछन् ?

............................................................................................................

४. बालक्लवका कार्यहरु समाजमा कत्तिको प्रभावकारी भएका छन् ?

............................................................................................................

५. बालक्लवका कार्यले विद्यार्थीमा कस्तो प्रभाव पारेको देख्नु भएको छ ?

............................................................................................................

६. बालक्लवले विद्यालय बाहिर गर्ने सामाजिक कार्यहरुमा के कस्ता कार्य भएका छन् ?

............................................................................................................

७. बालक्लवले गर्ने सामाजिक कार्यमा के कस्ता कमजोरी देख्नुहुन्छ ?

............................................................................................................

८. बालक्लवका विद्यार्थीलाई सामाजिक कार्यमा सक्रिय गराउन वि.व्य.स.को भूमिका कस्तो रहन्छ ?

............................................................................................................

९. बालक्लवले विद्यालय भित्र र बाहिर गरेका सामाजिक कार्यका कमजोरी हटाउन के गर्नुपर्ला ?

............................................................................................................

# विद्यार्थीको सामाजिक विकासमा बालक्लव

## अनुसूची २

### शिक्षकका लागि अन्तरवार्ता प्रश्नावली

नाम : विद्यालय :

टोल : अनुभव :

हस्ताक्षर :

१. तपाइँको विद्यालयमा रहेको बालक्लवको वर्तमान अवस्था कस्तो छ ?

........................................................................................................................

२. बालक्लवमा रहेका विद्यार्थीहरुले के कस्ता कार्यहरु गर्ने गर्दछन् ?

........................................................................................................................

३. बालक्लवले विद्यालय भित्र मात्र कार्य गर्दछन् कि विद्यालय भन्दा बाहिर पनि कार्य गर्दछन् ?

........................................................................................................................

४. बालक्लवले समाजमा कस्ता कार्यहरु गर्दछन् ?

........................................................................................................................

५. बालक्लवका कार्यहरु समाजमा कत्तिको प्रभावकारी भएका छन् ?

........................................................................................................................

६. बालक्लवले समाजमा गरेका कार्यहरुमा के कस्ता कमीकमजोरी हुन सक्छन् ?

........................................................................................................................

७. बालक्लवले गर्ने कार्यलाई प्रभावकारी बनाउन के कस्ता कार्यकलापहरु गर्नु आवश्यक छ ?

........................................................................................................................

८. बालक्लवका कार्यलाई थप प्रभावकारी बनाउन यहाँको भूमिका के कस्तो रहेको छ ?

........................................................................................................................

# विद्यार्थीको सामाजिक विकासमा बालक्लव

## अनुसूची ३

### प्र.अ.का लागि अन्तरवार्ता प्रश्नावली

नाम : विद्यालय :

अनुभव :

हस्ताक्षर :

१. यहाँको विद्यालयमा बालक्लव गठन भएको छ ?

........................................................................................................................

२. तपाईंको विद्यालयमा रहेको बालक्लवको वर्तमान अवस्था कस्तो छ ?

........................................................................................................................

३. बालक्वले विद्यालयमा के कस्ता कार्यकलापहरु गर्दै आएको छ ?

........................................................................................................................

४. बालक्लवले गर्दै आएका कार्यहरुबाट विद्यार्थीमा के कस्तो प्रभाव परेको छ ?

........................................................................................................................

५. विद्यार्थीको सामाजिक विकासका लागि कार्य गर्न बालक्लवमा देखा परेका समस्याहरु के के हुन सक्छन् ?

........................................................................................................................

६. सामाजिक विकासमा बालक्लवका कमजोरी के के होलान् ?

........................................................................................................................

७. विद्यालयको प्र.अ.को तर्फबाट बालक्लवलाई प्रभावकारी ढंगले सामाजिक कार्यकलापमा अघि बढाउन यहाँले के कस्तो भूमिका निर्वाह गर्दै आउनु भएको छ?

........................................................................................................................

## विद्यार्थीको सामाजिक विकासमा बालक्लव

## अनुसूची ४

### अभिभावकका लागि अन्तरवार्ता प्रश्नावली

नाम :                                ठेगाना :

हस्ताक्षर :

१. यहाँको विद्यालयमा बालक्लव गठन भएको छ ?

.........................................................................................................

२. विद्यालयमा रहेको बालक्वले वर्तमान अवस्थामा गरेका कार्यहरु के कस्ता रहेका छन् ?

.........................................................................................................

३. विद्यालयमा रहेको बालक्लवले के कस्ता सामाजिक कार्यहरु गर्दै आएका छन् ?

.........................................................................................................

४. बालक्लवको माध्यमबाट विद्यार्थीको सामाजिक विकास कसरी हुन सक्दछ ?

.........................................................................................................

५. विद्यार्थीको सामाजिक विकासमा बालक्लवका समस्याहरु के के रहेका छन् ?

.........................................................................................................

६. बालक्लवलाई अझबढी सक्रियरुपबाट सामाजिक विकासमा लगाउन के के गर्नु आवश्यक छ ?

.........................................................................................................

## विद्यार्थीको सामाजिक विकासमा बालक्लव

## अनुसूची ५

### विद्यालय निरिक्षकका लागि अन्तरवार्ता प्रश्नावली

नाम :                                        हस्ताक्षर :

१. तपाइँको निरीक्षण क्षेत्रमा भएका विद्यालयहरुमा बालक्लव गठन भएका छन् ?

..........................................................................................................

२. कतिवटा विद्यालयमा बालक्लव गठन भएका छन् ?

..........................................................................................................

३. बालक्लव गठन भएका विद्यालयमा बालक्लव को वर्तमान अवस्था के कस्तो देख्नु हुन्छ ?

..........................................................................................................

४. बालक्लवले विद्यालयमा के कस्ता कार्य गरेको छ ?

..........................................................................................................

५. विद्यालयमा स्थापित बालक्लवले के कस्ता सामाजिक कार्यहरु गर्दै आएका छन् ?

..........................................................................................................

६. बालक्लवको माध्ययमबाट विद्यार्थीको सामाजिक विकास कसरी हुन सक्छ ?

..........................................................................................................

७. विद्यार्थीको सामाजिक विकासमा बालक्लवका समस्या के के रहेका छन् ?

..........................................................................................................

८. बालक्लवलाई सामाजिक विकासमा अझबढी सक्रिय बनाउन के के गर्नु पर्ला ?

..........................................................................................................

## विद्यार्थीको सामाजिक विकासमा बालक्लव

## अनुसूची ६

### विद्यार्थीका लागि अन्तरवार्ता प्रश्नावली

नाम :                    कक्षा :                    विद्यालय :

१. तिम्रो विद्यालयमा रहेको बालक्लवमा कतिजनाको कार्य समिति रहेको छ ?

........................................................................................................

२. उक्त बालक्लवले विद्यालयमा कस्तो कार्य गरिरहेको छ ?

........................................................................................................

३. तिम्रो विद्यालयमा रहेको बालक्लवको वर्तमान अवस्था कस्तो छ ?

........................................................................................................

४. उक्त बालक्लवमा रहेका पदाधिकारी साथीहरु अहिले कत्तिको सक्रिय भई कार्य गर्दछन् ?

........................................................................................................

५. बालक्लवले विद्यालयभन्दा बाहिर के कस्ता सामाजिक कार्य गर्दै आएको छ ?

........................................................................................................

६. सामाजिक कार्यहरु गर्दा बालक्लवको भूमिका के कस्तो रहेको छ ?

........................................................................................................

७. बालक्लवले गर्ने विभिन्न कार्यमा विद्यार्थीको सहभागीता कत्तिको हुने गरेको छ ?

........................................................................................................

८. बालक्लवले गर्ने कार्यहरुमा के कस्तो कमीकमजोरी देखा परेका छन् ?

........................................................................................................

९. बालक्लवले गर्दै आएका कमी कमजोरीलाई हटाउन के कस्ता कार्यकलाप गर्नु पर्ला ?

........................................................................................................

# विद्यार्थीको सामाजिक विकासमा बालक्लव

## अनुसूची ७

## अवलोकन फारम

विद्यालयको नाम : ......................................................ठेगाना : ..................

| क.सं. | विवरण | स्थिति | | | |
|---|---|---|---|---|---|
| | | राम्रो | मध्यम | न्यून | छैन |
| १. | बालक्लवले प्रयोग गर्न सामग्रीहरु | | | | |
| २. | सरसफाई, वृक्षरोपण तथा बगैंचा | | | | |
| ३. | विद्यार्थीलाई बालक्लव सम्बन्धी तालिम | | | | |
| ४. | विद्यार्थीको बाल क्वलप्रति आकर्षण | | | | |
| ५. | विद्यालय प्रशासन, शिक्षकको बाल क्लप प्रति चासो | | | | |
| ६. | बालक्लवको कार्याकलाप व्यवस्थापन | | | | |
| ७. | बालक्लवले गर्दै आएका कार्यहरुको निरीक्षण तथा अनुगमन | | | | |